# रोचक घटना नं ६८

# यूहन्ना १२:१२-४६ र जकरीया ९:८-९

शिक्षक साहायता

**कथाको मूख्य सारः येशू जब यरूशलेम पुग्नुभयो एउटा एकदमै उत्साहीत भिडले उहाँको स्वगत गऱ्यो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यरूशलेममा निस्तार चाडको लागि ठूलो भिड जम्मा भएको थियो। यसअघि येशूले राजनैतिक शासनको भूमिकालाई अस्वीकार गर्नुभएको थियो, तर येशू यरूशलेममा प्रवेश गर्नुहुँदा भीडले यो नै उहाँको शासन शुरू हुने समय हो भनी सोच्न थाले। उनीहरूले "होसन्ना" भनेर चिच्याए जसको अर्थ "कृपया बचाउनुहोस्" वा "अब बचाउनुहोस्" भन्ने हुन्छ।
- यदि येशूले रोमीहरूको शंका उब्जाउन चाहानु हुन्थ्यो भने उहाँ युद्धको घोडसवार चढेर आउनु हुन्थ्यो। यद्यपि, उहाँ गधामाथि चढेर यरूशलेम पुग्नु भयो, उहाँले रोमीहरूको शंका झन न्युन पार्नु भयो। एक गधामा सवार भएर आउने राजाबाट कुनै खतरा हुन सक्दैन। यरूशलेममा येशूको प्रवेशको बारेमा सयौं वर्ष अघि जकरियाले भविष्यवाणी गरेका थिए।
- "सियोनकी छोरी" (१५पद) यरूशलेमका मानिसहरूलाई संकेत गर्ने कवितात्मक तरीका हो।
- जब यी घटनाहरू भईरहेका थिए, चेलाहरूले यो के भईरहेको छ भनि बुझ्न सकेनन्। तर जब येशू मरेकाहरूबाट पुनरूत्थान हुनुभयो तब मात्र उनीहरूले यस कुराको अर्थ बुझ्न सके।
- लाजरसलाई मृतकबाट जीवित भएको प्रत्यक्ष रूपमा देखेको हुनाले गर्दा उत्साहित भीडले झन थप उर्जा पाएको थियो। यो ठूलो भीड नियन्त्रण बाहिर गइरहेको छ भन्ने कुरा रोमीहरूले महसुस गरिरहेका थिए।
- येशूले सिकाउनुभएको त्यस गहुँको दृष्टान्त, उहाँको आउँदै गरेको मृत्युको विषयमा भविष्यवाणी थियो। उहाँको मृत्युले ठूलो फसलको कटनी ल्याउने वाला थियो।
- त्यसपछि, येशूले अर्को भविष्यवाणी गर्नुभयो। उहाँले भन्नुभयो कि उहाँ "पृथ्वीबाट उचालिनुहुनेछ"। ३२ पदमा भएको यस भविष्यवाणीले यो संकेत गर्दछ कि उहाँ मर्नुहुनेछ र मृत्युबाट पुनरूत्थान हुनुहुनेछ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ। शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ। क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो। बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन्।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन्। पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ। जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस्। कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ। यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस्। यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस्।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

**समय अवधि**

शुरूवातहरू
शुरूवातहरू
शुरूवातहरू
शुरूवातहरू
राष्ट्रको शुरूवातहरू
राष्ट्रको शुरूवातहरू
भूमिमाथि कब्जा
भूमिमाथि कब्जा
संयुक्त राज्य
विभाजित राज्य
निर्वासन
फर्किएको
फर्किएको
येशूको प्रारम्भिक जीवन
येशूको सेवाकाई
येशूको सेवाकाई
येशूको सेवाकाई
धोका र मृत्यु

**मानिस**

परमेश्वर
आदम र हव्वा
नोआ
दुष्ट मानिसहरू
अब्राहाम
मोशा
यहोशू
गिदोन
दाऊद
एलिया र एलीशा
यर्मिया, दानिएल, इजकिएल
नहेम्याह र एज्रा
दानिएल
मरियम र युसुफ
१२ चेलाहरू
येशू
अन्धो मानिस
येशू ख्रीष्ट

**घटना**

परमेश्वरले सबैथोक बनाउनुभयो।
पाप
संसारभर जलप्रलय
भाषाको खलबल
परमेश्वरद्वारा विशेष प्रतिज्ञाहरू
विपत्तिहरू
प्रतिज्ञाको भूमिमा प्रवेश
पापको चक्र
सदाको लागि एक विशेष राजा
इस्राएलमा विशेष भविष्यवक्ताहरू
इस्राएल अश्शूरमा लगिएको
इस्राएल भूमिमा फर्किएका
परिवर्तनका ४०० वर्षहरू
येशूको जन्म
येशूले १२ चेलाहरूलाई बोलाउनुभया
येशूका अचम्मका कामहरू
येशूको निको पार्ने शक्ति
यरूशलेममा प्रवेश

**पाठ शुरू गर्ने क्रियाकलाप: समय अवधि, मानिसहरू र घटनाहरू मिलाउनुहोस्**

शिक्षकले कागजहरूका तीनवटा थाक बनाउनुपर्छ। एउटा थाकमा समय अवधि हुनुपर्दछ। यहाँ दिइएका १८ अलग युगहरू यस "समय अवधि" को पाना मुनि हुनुपर्दछ। "व्यक्ति" र "घटना" को लागि पनि यस्तै नै गर्नुहोस्। अब तिनीहरूलाई मिसाउनुहोस् र बालबालिकाहरूलाई व्यवस्थित गर्न अर्थात् मिलाएर राख्न लगाउनुहोस् ताकि तिनीहरूले सही समय अवधिकोसँग सही मानिसहरू र सही घटनाहरू मिलाएर राख्न सकुन्। उदाहरणको लागि, सहीसँग मिलाउँदा शुरूवात, परमेश्वर र सबैथोक परमेश्वरले बनाउनुभएको हो, भन्ने कुराहरू एकै ठाउँमा हुनुपर्छ।

## ३) पाठ सिकाउनुहोस्

यस समयमा येशू धेरै लोकप्रिय हुनुहुन्थ्यो। यदि तपाईं आफ्नो कक्षामा "लोकप्रिय प्रतियोगिता" गर्न जाँदै हुनुहुन्छ भने, के के कुराहरू छन् जसले मानिसलाई लोकप्रिय बनाउँछ ?

लोकप्रिय हुनुको केहि असल कुराहरू के के छन् ?

लोकप्रिय हुनुको केहि खराब कुराहरू के के छन् ?

येशू र लाजरसलाई मार्ने षडयन्त्र बढ्दै बढ्दै गयो । मुख्य यहूदी अगुवाहरूलाई धेरै यहुदीहरू येशूको अनुयायीहरू भइरहेको मन परेको थिएन । अर्को दिन, निस्तार चाडको दिनमा येशू यरूशलेम आउनु हुँदैछ भनेर मानिसहरूले सुने । त्यसैले, येशू दाऊदको शहरभित्र पस्दा तिनीहरूले खजुरका हाँगाहरू भेला गरे र यसो भन्दै चिच्याए "अब बचाउनुहोस् !" यस अघि, येशूको अनुरोधमा चेलाहरूले यरूशलेम जानको निम्ति गधा खोजेर ल्याए । उनीहरूलाई यो समयमा थाहा थिएन कि सयौं वर्ष अघि जकरियाले लेखेको भविष्यवाणी पूरा हुँदैछ ।

येशू एकदम लोकप्रिय व्यक्ति हुँदै हुनुहुन्थ्यो । धेरै मानिसहरूले यो सोचे कि उनले यस समयमा उनको राज्य स्थापना गर्न लागेका छन् । विगतमा उनले यो कुरालाई अस्वीकार गरेका थिए तर अब त्यसको लागि उचित समय आएको जस्तो देखिन्छ । यहुदी धर्मगुरूहरू भयभित भए किनभने येशू यति लोकप्रिय हुनुभएको थियो कि उनीहरूले आफ्ना धेरै अनुयायीहरूलाई गुमाइरहेका थिए । रोमीहरू चिन्तित थिए किनकि "येशूको प्रभावको गति" उनीहरूको हात भन्दा अर्थात् अधिकार भन्दा बाहिर गइरहेको थियो । एकातिर, धेरै मानिसहरू लोकप्रिय व्यक्ति येशूको बारेमा अत्यन्तै उत्साहित भइरहेका थिए । तर सबैले विशेष गरी यहूदी धर्मगुरूहरू र रोमी सरकारले त्यस्तो महसुस गरेनन् ।

एकपटक यरूशलेममा, येशूले दुई भविष्यवाणीहरू घोषणा गर्नुभएको थियो जुन प्रायः मानिसहरूले छुटाएका थिए...शायद सबैले छुटाए । उहाँले मानिसहरूलाई यो कुरा बताउनु भएको थियो कि गहुँको दाना भुईंमा खस्नु पर्छ र त्यसले ठूलो फसल दिनु अघि मर्नु पर्छ । उहाँले यो कुरा भन्नुभयो किनभने उहाँले यो कुरा जान्नुहुन्थ्यो कि उहाँ मर्नुहुनेछ, यद्यपि त्यतिखेर उहाँ त्यति धेरै लोकप्रिय हुनुहुन्थ्यो । येशूले मानिसहरूलाई उहाँ पृथ्वीबाट उचालिनुहुनेछ भनेर पनि बताउनुभयो । उहाँले यो कुरा आफ्नो मृत्यु पछि हुने पुनरूत्थानको बारेमा बताउनु भएको थियो । पुनरूत्थान पछि चेलाहरूले यी सबै कुराहरू बुझे तर जब यो भनिएको थियो, त्यस बेला उनीहरू अन्जान थिए । उनीहरूलाई केहि थाहा थिएन ।

केहि ग्रीकहरू येशूलाई हेर्न चाहान्थे त्यसैले तिनीहरूले येशूका धेरै चेलाहरू मार्फत सन्देश पठाए । येशूले तिनीहरूलाई जवाफ दिनुभयो कि उहाँको महिमित हुने समय नजिक छ । यो कुरा भने पछि, स्वर्गबाट आएको आवाजले येशूले भर्खरै आफ्ना चेलाहरूलाई भन्नुभएको कुरालाई थप समर्थन गर्‍यो । आवाजले भन्यो, "मैले मेरो नाउँलाई महिमित तुल्याएको छु, र पुनः म यसलाई महिमित तुल्याउने छु ।" जब भीडले यो आवाज सुने, तिनीहरू अझ रिसाए ।

जब येशूले मानिसहरूलाई यी कुरा भनिसक्नुभयो, उहाँ भीडबाट निस्कनुभयो र आफैलाई लुकाउनुभयो । भीडमा उहाँ एकदमै लोकप्रिय हुनुहुन्थ्यो तर उहाँ वास्तवमै को हुनुहुन्छ भनेर उनीहरूलाई थाहा थिएन । यशैयाले यसको विषयमा ७०० वर्ष अघि नै लेखेका थिए जब उनले लेखे, "हे परमप्रभु, हाम्रो सन्देश कसले विश्वास गरेको छ ? र कसकहाँ परमप्रभुको बाहुली प्रकट भएको छ ?" अब, उहाँलाई थाहा थियो कि उहाँ पृथ्वीमा आफ्नो अन्तिम दिनहरूमा हुनुहुन्छ । उहाँको मृत्यु चाँडै आउँदै थियो ।

**कथा भन्ने क्रियाकलापः गहुँको दाना**

शिक्षकले एउटा गहुँको दाना कक्षामा ल्याउनुपर्नेछ । जब गहुँको दाना रोपिन्छ, तब यो मर्छ । तर, यो अंकुरण हुन्छ र जमिन माथि बढे पछि, अरू धेरै बीजहरू उत्पादन हुन्छन् । तिनीहरूलाई फेरी रोप्न वा रोटीको लागि प्रयोग गर्न सकिन्छ ।

गहुँको दाना सानो छ भनि कक्षामा जोड दिनुहोस् । यसले धेरै गुणा फल उत्पादन गर्नु अघि यो पहिले भुईंमा गाडिनु पर्छ ।

## कण्ठ गर्नुपर्ने पद

**यूहन्ना १२:२४ (टि.बी.एस)** - साँचो-साँचो म तिमीहरूलाई भन्दछु, गहुँको दाना भुइँमा खसेर मरेन भने त्यो एक्लै रहन्छ; तर मऱ्यो भने त्यसले धेरै फल फलाउँछ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

"गहिरो खन्ने"

यदि सम्भव छ भने, यस क्रियाकलापमा दृश्यात्मक रूपमा प्रयोग गर्नलाई सहायताको लागि कक्षामा एउटा सानो हाते ज्यावेल ल्याउनुहोस्। शिक्षकले वाक्यहरू भन्नु पर्नेछ, र यदि तपाइँ गहिरो अर्थ पत्ता लगाउन "गहिरो खन्न" सक्नुहुन्छ भने आफ्नो हात उठाउनुहोस् र तपाईंले ज्यावेल समाउन सक्नुहुन्छ जसै तपाईंले सबै उत्तरहरू दिनुहुनेछ।

१. येशूले गधामाथि चढेर यरूशलेम जानको लागि आफ्ना चेलाहरूलाई गधा ल्याउन लगाउनु भयो। (यो सयौं वर्ष पहिले जकरियाले लेखेका भविष्यवाणी पूरा भएको हो। गधा एउटा गरिब व्यक्तिको सवारीसाधन थियो, एउटा राजाको होइन।)

२. येशूले भन्नुभयो, गहुँको दाना भुइँमा खसेर फसल उत्पादन गर्नको निम्ति मर्नुपर्छ। (उहाँ आफ्नै मृत्युको कुरा गर्दै हुनुहुन्थ्यो।)

३. मानिसहरूको भीडले खजुरका हाँगाहरू लहराए र उहाँ यरूशलेम पुग्दा उहाँको प्रशंसा गरे। (उनीहरूले अचम्मका कामहरू मन पराए, तर वास्तवमा विश्वास गरेनन् वा उनी को हुन् भनि थाहा पाएनन्।)

४. येशूले भन्नुभयो कि उहाँ पृथ्वीबाट उचालिनुहुनेछ। (उहँले आफ्नो मृत्यु पछि हुने पुनरूत्थानको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो।)

### पद कण्ठ गर्ने क्रियाकलाप: पदको शब्द मिश्रण

कागजमा पदमा भएका शब्दहरू लेख्नुहोस्। त्यसपछि कागजको पनालाई संख्या दिनुहोस्, पदमा भएको प्रत्येक शब्दको लागि एउटा संख्या। संख्याको छेउमा विगारिएको शब्द लेख्नुहोस्। प्रत्येक शब्दलाई मिलाएर क्रमबद्ध रूपमा राख्नको लागि बालबालिकाहरूलाई चुनौती दिनुहोस्।

उदाहरण:

१. चोसाँ साँचो

२. नमरे मरेन

### बाइबल क्रियाकलाप

यस कथा त्यस्तो कुराहरूले भरिएको छ जुन देख्नमा सजिलो भएता पनि अर्थपूर्ण थियो। जसरी सुनको खानीमा वा कोइला खानीमा काम गर्ने मजदुरहरूले सुन, कोइला वा आफुले खोजेको कुरा पाउनको लागि गहिराईमा खन्नु पर्छ, हामीले पनि परमेश्वरले के चाहानु हुन्छ भनि पत्ता लगाउनको लागि उहाँको वचनको गहिराईमा जानुपर्छ।

## ४) पाठको समीक्षा गर्नुहोस्

येशूलाई अनुसरण गर्नेहरूको जीवनमा आधारित भई, आफैलाई यो तालिकामा मूल्यांकन गर्नुहोस्:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| • येशूको उदाहरण पछ्याउने | १ | २ | ३ | ४ | ५ | ६ |
| • परमेश्वरको वचन बुझ्ने | १ | २ | ३ | ४ | ५ | ६ |
| • येशूमा विश्वास | १ | २ | ३ | ४ | ५ | ६ |
| • स्वार्थपूर्ण इच्छाहरू इन्कार गर्ने | १ | २ | ३ | ४ | ५ | ६ |
| • परमेश्वरलाई महिमा दिने | १ | २ | ३ | ४ | ५ | ६ |
| • खराब सम्बन्धबाट टाढा रहने | १ | २ | ३ | ४ | ५ | ६ |
| • परमेश्वरको नेतृत्वप्रतिको प्रतिक्रिया | १ | २ | ३ | ४ | ५ | ६ |
| • समग्रमा परमेश्वरप्रति प्रतिबद्धता | १ | २ | ३ | ४ | ५ | ६ |

## ५) पाठ लागु गर्नुहोस्

केहि मानिसहरूले येशूलाई पछ्याए किनभने उहाँ लोकप्रिय हुनुहुन्थ्यो । कोहि मानिसहरूले येशूलाई पछ्याए किनभने तिनीहरूले उहाँमाथि विश्वास गरेका थिए ।

के तपाईंले येशू ख्रीष्टमा पूर्ण रूपमा विश्वास राख्नुभएको छ ? के तपाईंको लागि उहाँले के गर्न सक्नुहुन्छ भन्ने कारणले तपाईं उहाँलाई पछ्याई रहनुभएको छ कि उहाँमाथिको विश्वासको कारणले ?

**कथाको मूख्य सार: येशू जब यरूशलेम पुग्नुभयो एउटा एकदमै उत्साहीत भिडले उहाँको स्वगत गऱ्यो ।**

**समीक्षा क्रियाकलाप: बृद्धि तालिका**

शिक्षकले कक्षामा बालबालिकाहरूलाई निर्देशन दिनुपर्छ कि येशूको उदाहरणले हामीलाई हाम्रो आफ्नै जीवनको मूल्यांकन गर्न मद्दत पुऱ्याउँछ ।

बालबालिकाहरूले यो तालिका भर्नुपर्छ (१=कम; ६=बढी) ।

# रोचक घटना नं ६९

# मत्ती २३:३७-२४:३१

**कथाको मूख्य सारः येशूको यरूशलेममा विजयी प्रवेशको दुई दिन पछि, उहाँले भविष्यका घटनाहरूको बारेमा सिकाउनु भयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- येशू ठूलो शोकका साथ यरूशलेम शहरभित्र प्रवेश गर्नुभयो । उहाँलाई थाहा थियो कि उहाँ ईन्कार गरिनुहुनेछ । यद्यपि एउटा समय आउनेछ जब उहाँको स्वागत गरिनेछ (जकरिया १२:१०) । जब येशूले भन्नुभयो, धन्यका हुन्, जो परमप्रभुको नाममा आउँछन्, तब उनले भजन ११८:२६ लाई संकेत गर्दै हुनुहुन्थ्यो । यो शायद उहाँको हजार वर्ष शासनको शुरूवातको सन्दर्भमा हुनसक्छ ।
- जब येशू मन्दिरको क्षेत्रलाई छोडेर जानुभयो, उहाँले चेलाहरूलाई भन्नुभयो कि ती मन्दिरका एउटा पनि ढुंगाहरू बाँकी रहनेछैनन् । यसले चेलाहरूसँग कुराकानी गर्नलाई प्रेरित गराएको थियो । यहाँ येशूको बारेमा दुई प्रत्यक्ष प्रश्नहरू सोधिएको थियो १) यो कहिले हुनेछ ? र २) तपाईंको आगमन र युगको अन्तको चिन्ह के हुनेछ ?
- यी प्रश्नहरूको जवाफमा येशूको पहिलो जवाफ यो थियो कि चेलाहरूले कसैलाई पनि उनीहरूलाई बहकाउन दिनुहुँदैन । संकेत खोज्दा सजिलै धोकामा पर्न सकिन्छ । यो अवधिलाई येशू खीष्ट म नै हुँ भनि दाबी गर्नेहरू, र युद्धहरू, र अनिकालहरू, र भूकम्पहरूले चित्रण गर्नेछ ।
- मत्ती २४:४-८ का संकेतहरू प्रकाश ६ का सातवटा मोहरसँग मिल्दछन् अर्थात् सम्बन्धित छन् ।
- दानिएलद्वारा बोलिएका "घृणित थोकहरूलाई उजाड पार्ने" बारेमा दानिएल (९:२७) र परमप्रभुले यहाँ उल्लेख गर्नुभएका कुराहरूले ती समयहरूलाई संकेत गरेको हुन सक्छ जब खीष्ट विरोधी मन्दिरमा प्रवेश गर्नेछ, आफ्नै प्रतिरूप स्थापना गर्नेछ, र सबैलाई त्यसको पूजा गर्ने निर्देशन दिनेछ (२ थेस्लोनिकी २:४; प्रकाश १३:१४-१५)
- यस संकटको पश्चात् तत्काल, परमप्रभु स्वर्गबाट ठूला-ठूला चिन्हहरू सहित पृथ्वीमा फर्कनुहुनेछ । खीष्टको आगमन सबैको लागि स्पष्ट हुनेछ ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

त्यहाँ आठवटा आधारभुत अवधारणाहरू छन् जसलाई बाइबलभरी नै जोड दिइएको पाईन्छ । हामीले अघिल्लो पाठहरूमा यी सत्यताहरूको विषयमा अध्ययन गरिसकेका छौं । बालबालिकाहरूलाई ती कुराहरू के थिए र प्रत्येकको बारेमा केहि थोरै बताउन सक्छन् कि भनेर सोध्नुहोस् । ती हुन्

१. परमेश्वर, शुरूमा त्यहाँ एक मात्र अति नै शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो । (पाठ १: अनन्तका परमेश्वर; पाठ २७: प्रस्थान; पाठ ४०: दाउदको शासनकाल )

२. मानिस, परमेश्वरले सबैथोकहरूको सृष्टि गर्नुभयो । उहाँले मानिस र स्त्रीलाई उहाँको विशेष मित्र हुनको लागि बनाउनुभयो । ( पाठ ३: संसारको सृष्टि; पाठ ४: मानिसहरूको सृष्टि; पाठ २४: मोशाले आफ्नो मानिसहरूको नेतृत्व गरे )

३. पाप, पुरूष र स्त्रीले परमेश्वरको आज्ञा उल्लंघन गरे । उहाँले भन्नुभएको कुरा उनीहरूले गरेनन् । त्यस दिनदेखि मानवजातीमा पापले प्रवेश गर्‍यो । (पाठ ७: मानव पापको शुरूवात; पाठ ३३: कादेशमा अविश्वास; पाठ ४३: विभाजीत राज्य)

४. मृत्यु, परमेश्वरले मानिस र स्त्रीलाई उनीहरूको अनाज्ञाकारिताको लागि दण्ड दिनुभयो । बाइबलमा मृत्युले अलग हुने कुरालाई बुझाउँदछ । (पाठ ८: मृत्युको उत्पत्ति; पाठ १६: बाबेलको धरहरा; पाठ ४६: यहुदा र इस्राएलको निर्वासन )

५. खीष्ट, परमेश्वरले आफ्नो एक मात्र विशेष पुत्रलाई संसारमा पठाउनुभयो, जसले सिद्ध र पवित्र जीवन जीउनुभयो । ( पाठ ९: शैतानमाथि विजयको प्रतिज्ञा; पाठ ४५: आउँदै गरेका मसीहको बारेमा भविष्यवाणी; पाठ ५२: येशू खीष्टको जन्म)

६. क्रुस: संसारको पापको लागि येशू क्रुसमा मर्नुभयो । ( पाठ ११: आवरणको प्रावधान; पाठ ३२: प्रायश्चितको दिन; पाठ ४५: आउँदै गरेका मसीहको बारेमा भविष्यवाणीहरू; पाठ ५६: यूहन्नाद्वारा घोषणा)

७. विश्वास: यदि कसैले खीष्टमा विश्वास राख्छ भने, परमेश्वरले उसलाई स्वागत गर्नुहुन्छ । ( पाठ १३: कयीन र हाबील; पाठ ३४: काँसको सर्प; पाठ ५८: धर्म गुरू; पाठ ६१: येशूसँग समुद्री आँधीलाई शान्त गर्ने शक्ति छ)

८. जीवन: परमेश्वरले खीष्ट येशूमाथि विश्वास राख्नेहरूलाई अनन्त जीवन दिनुहुन्छ । (पाठ ५: स्वर्गमा हुने जीवन; पाठ ३८: अन्धकारको युगमा उज्यालो ज्योति; पाठ ५६: बप्तिसमा दिने यूहन्नाद्वारा घोषणा )

## ३) पाठ सिकाउनुहोस्

के तपाईंले कहिल्यै समयको अन्तमा के हुन्छ होला भनेर चिन्ता गर्नुहुन्छ ? चेलाहरू पनि विचलित भएका थिए र अन्तिम समयको बारेमा उहाँलाई सोधेका थिए ।

**समीक्षा क्रियाकलाप: आठ आधारभूत सुसमाचारका सत्यताहरू - एउटा पूर्ण कथा**

शिक्षकले पूरै बाइबलभरी भएका यी आठ आधार भूत सुसमाचारका अवधारणाहरूमा जोड दिनुपर्छ । बाइबलमा भएको छुटकाराको कथा बालबालिकाहरूलाई बताउँदा यी कराहरू आधारभूत हुन्छन् । हामी नियमित रूपमा यी आठ सत्यताहरूमा जोड दिनेछौं ।

हामीले माथि पढेका ६८ वटा पाठहरूमा यी आठ आधारभूत सुसमाचारका सिद्धान्तहरूलाई कसरी जोड दिइएका छन् भनि बालबालिकाहरूलाई सोध्नुहोस् ।

## कथा भन्नुहोस्

येशूले आफ्ना चेलाहरूसँग जैतुन डाँडामा बसेर, यरूशलेम शहरलाई हेर्नुभयो; उहाँ रूनुभयो। मानिसहरू प्रति उहाँ बोझ र दयाले भरिनु भएको थियो। उहाँ यरूशलेम र सारा इस्राएलीहरूले उहाँको आराधना गरेको चाहानुहुन्थ्यो। वास्तवमा, उहाँ आफ्नैहरू कहाँ आउनुभयो र आफ्नैहरूले उहाँलाई स्वीकार गरेनन्।

जब येशूले मन्दिर क्षेत्रलाई छोड्नुभयो, उहाँले आफ्ना चेलाहरूलाई मन्दिरको एउटा ढुंगा पनि अर्कोमाथि रहनेछैन भनि भन्नुभयो। यो विश्वास गर्न गाह्रो हुन सक्छ किनभने सोलोमनले बनाएका विम र स्तम्भहरू १५६२ फिट (४६७ मीटर) लम्बाईका थिए। त्यहाँ १६० स्तम्भहरू थिए जुन ९२१ फिट सम्म (२८१ मीटर) फैलिएका थिए। साँच्चै, यदि यो नष्ट हुन्छ भने, त्यहाँ केहि गलत हुन पर्ने थियो। यो भनाईले फेरि भविष्यको बारेमा उनीहरूको जिज्ञासालाई जगाई दियो। त्यसैले एकजना चेलाले उहाँलाई सोध्यो, “यो घटना कहिले हुनेछ?” अर्को प्रश्न फेरि उहाँमा आयो, “तपाईंको आगमन र युगको अन्तको चिन्ह के हुनेछ?”

तुरून्तै, येशूले तिनीहरूलाई धोकामा पार्नेहरूबाट होशियार रहो भन्नुभयो। त्यो उहाँको पहिलो जवाफ थियो। त्यहाँ त्यस्ता व्यक्तिहरू आउनेछन् जसले आफु खीष्ट भएको दाबी गर्नेछन् तर वास्तवमा तिनीहरू धोकेबाजहरू हुनेछन्। अर्को कुरा उहाँले तिनीहरूलाई भन्नुभयो कि युद्ध, युद्धका हल्लाहरू, अनिकाल र भूकम्पहरू हुनेछन्। त्यहाँ धेरै घृणित कार्यहरू हुनेछन्। तर, राज्यको सुसमाचार सारा संसारमा प्रचार हुनेछ र त्यसपछि अन्त आउनेछ।

तब, उहाँले जब तिमीहरूले मन्दिरको विनाश देख्नेछौ तब पहाडहरू तर्फ दौडन तयार हुनु भन्नुभयो। यो धेरै नै संकष्टपूर्ण समय हुनेछ। सम्भवतः खीष्ट विरोधीहरू मन्दिरमा प्रवेश गर्नेछन्, आफ्नै प्रतिरूप खडा गर्नेछन् र सबैलाई पूजा गर्न लगाउनेछन्। खीष्ट विरोधी येशू खीष्टको ठीक विपरित हो उसले मानिसहरूलाई उसको आराधना गर्न बाध्य पार्नेछ। सयौं वर्ष अघि दानिएलले बोलेका शब्दहरूमा येशूले संकेत गर्नुभयो। प्रेरित यूहन्नाले पनि त्यस्तै घटनाहरूको बारेमा लेख्ने वाला थिए।

अन्तको समयमा, त्यहाँ पहिले कहिल्यै नभएका समस्याहरू, संकष्टहरू हुनेछन्। यदि यी दिनहरू घटाइएनन् भने कोहि पनि बाँच्ने छैनन्। त्यसैले, येशूले तिनीहरूलाई प्रोत्साहनका शब्दहरूले सान्त्वना दिएर छोड्नुभयो। ती मानिसहरू जो विश्वासी हुन्छन्, उनीहरूको कारणले यस युगको अन्तमा खतरनाक समयहरू केहि मात्रामा छोटो हुनेछन्।

यस दृष्टान्तको पश्चात येशूले आफ्नो कुराहरू टुंग्याउनु भयो। उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो कि प्रभु देखा पर्न जाँदै हुनुहुन्छ। जब उनीहरूले आशा गर्नेछन् तब उहाँ देखा पर्नु हुनेछैन तर उनीहरूले नसोचेको बेलामा देखा पर्नुहुनेछ। जुनसुकै बेला यो हुन सक्छ, तिनीहरू उहाँको आगमनको लागि तयार हुनुपर्दछ। जसले म खीष्टको अनुयायी अर्थात् चेला हुँ भनि दाबी गर्छ ऊ सधैं तयार र सचेत रहनु पर्छ। येशू, प्रभु, फेरि आउनुहुनेछ।

**कथा भन्ने क्रियाकलापः मन्दिरको नक्कल**

शिक्षकले मन्दिरको प्रतिरूप बनाउनु पर्दछ वा मन्दिरको क्षेत्र वरिपरिको चित्र देखाउनु पर्दछ।

## कण्ठ गर्नुपर्ने पद

**मत्ती २४:२४ (टि.बी.एस)** - किनभने झुटा ख्रीष्टहरू र भविष्यवक्ताहरू खडा हुनेछन्, र ठूला-ठूला अचम्मका चिन्हहरू र चमत्कारहरू देखाउनेछन्; यहाँ सम्म कि सम्भव भएता तिनीहरूले चुनिएकैहरूलाई पनि बहकाउनेछन् ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"तयार बस्नुहोस् !" आज हामी कल्पना गर्ने खेल खेल्नेछौं । सबैले आँखा बन्द गर्नुहोस् अनि कल्पना गर्नुहोस्: तपाईंको, आमा र बुवा परिवारको लागि खाना किन्न (पसल) स्टोरमा जानुभयो । उहाँहरू केहि घण्टा सम्म बाहिर हुनुभयो, र जानु अघि तपाईंलाई केहि काम गर्नको लागि सूची दिनुभएको छ उहाँहरू घर फर्किन अघि तपाईंले त्यो काम गरि सक्नुपर्नेछ । २ भिन्न दृष्टिकोण र कार्यहरू जुन तपाईंले छनौट गर्न सक्नुहुन्छ त्यसको हामी कल्पना गर्नेछौं ।

१) तपाईं निर्णय लिन सक्नुहुन्छ कि तपाईं त्यतिकै यताउता गर्नु हुन्छ वा केहि लामो समयको खेल खेल्न सक्नुहुन्छ, किनकि पूरै समय नै त काम गर्नुपर्दैन । तपाईं आफ्नो मनपर्ने कार्यक्रम टिभीमा हेर्नु हुन्छ, त्यसपछि सुत्नुहुन्छ । जब तपाईं ब्यूँझनुहुन्छ, तपाईंले थाहा गर्नुहुन्छ कि तपाईंको आमा र बुवा कुनै पनि क्षण घर आउन सक्नुहुनेछ, र तपाईंले कामहरू शुरू पनि गर्नुभएको छैन ! ओहो !! तपाईंले अब कस्तो महसुस गर्नु हुन्छ ? (बालबालिकाहरूलाई जवाफ दिने मौका दिनुहोस्- सम्भावीत उत्तरहरू: डराउँछन्, हतार गर्दै छिटो-छिटो काम सक्ने कोसिस गर्छन्, सकेसम्म पक्राउ नपर्ने आशा गर्छन्, उहाँहरू निराश बन्नुहुनेछ कि भनेर लाज वा डरको महसुस)

२) सबभन्दा पहिला तपाईंले कामहरू गर्ने निर्णय लिनुहुन्छ, र तपाईंसँग सबै कामहरू वास्तव मै राम्रोसँग गर्नको लागि प्रशस्त समय हुन्छ । वास्तवमा, जब तपाईंले सूचीमा भएका कामहरू सक्नु हुन्छ र तपाईंले याद गर्नु भयो कि त्यहाँ बगैंचामा केहि झारहरू छन् जुन उखेल्नु आवश्यक छ, त्यसरी नै तपाईंले अतिरिक्त काम, तपाईंलाई दिएको काम भन्दा पनि बढि काम गर्नुहुन्छ, र आमा बुवालाई चकित पार्नु हुन्छ । अब चाँडै नै उहाँहरू घर आउने समय भयो, तपाईंलाई कस्तो महसुस हुन्छ ? (सम्भावित उत्तरहरू: खुशी, आमा बुवालाई खुशी पारेकोमा म पनि खुशी हुन्छु, मैले कसरी आज्ञापालन गरेको छु भनि देखाउन आतुर हुन्छु)

**कण्ठ पार्ने पदको क्रियाकलाप : वचन लग**

बालबालिकाहरूलाई घर लैजानको लागि एउटा तालिका बनाउनुहोस् जुन तालिकाको बायाँ स्तम्भले आइतवार, सोमबार, मंगलबार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार देखाउँदछ ।

शीर्षमा, अभ्यास गरेको समय र समीक्षा गरेको समय उल्लेख गर्ने ठाउँ पनि राख्नुहोस् ।

बालबालिकाहरूले प्रत्येक दिन यस कण्ठ गर्ने पदको लागि काम गर्नुपर्ने हुन्छ, जब उनीहरूले यस पदको अभ्यास र समीक्षा गर्छन् तब यस तालिकामा चिन्ह लगाउनुपर्दछ । यस तालिका उनीहरूले अर्को हप्ता आफुसँगै ल्याउनुपर्नेछ ।

यस प्रकारको क्रियाकलापले पाठको एउटा भागको रूपमा मात्र नभई, हप्ताभरि वचनहरूको स्मरण गर्न र आज्ञाकारी हुनलाई प्रोत्साहित गर्दछ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले कक्षालाई दुई भागमा विभाजन गर्नु पर्दछ ।

- एउटा समूह "रातो" समूह हुन सक्छ र उनीहरूलाई रातो कार्ड वा कागजको टुक्रा दिनुहोस् । अर्को समूह "पहेँलो" समूह हुन सक्छ र उनीहरूलाई पनि पहेँलो कार्ड वा कागजको टुक्रा दिनुहोस् ।
- प्रत्येक समूहले ३ देखि ५ प्रश्नहरू लेख्न सक्छन् जसको उत्तर अर्को समूहले दिएको उनीहरूले चाहान्छन् ।
- प्रत्येक प्रश्न आजको पाठसँग सम्बन्धित हुनुपर्छ ।
- प्रश्नहरू लेखिसकेपछि, अर्को समूहलाई प्रश्नको उत्तर दिन पाँचदेखि सात मिनेट दिन सक्नुहुन्छ । "पहेँलो" समूहले "रातो" समूहको प्रश्नहरूको जवाफ दिनेछन् र "रातो" समूहका प्रश्नहरूको जवाफ "पहेँलो" समूहले दिनेछन् ।

## ५) पाठ लागु गर्नुहोस्

भविष्यमा के हुन्छ भनेर येशूलाई थाहा थियो । भविष्यलाई लिएर तपाइँ कुन कुरामा चिन्तित हुनुहुन्छ कुनै दुई चिजहरूको नाम दिनुहोस् । अब, ती कुराहरू पूर्णरूपले येशूमा समपर्ण गर्नुहोस् र तपाइँलाइँ भविष्यको विषयमा चिन्तित पार्ने ती चीजहरूको लागि उहाँमा भरोसा राख्नुहोस् । किनकि उहाँलाई भविष्य थाहा छ र उहाँ संसारको र तपाईंको भविष्यको बारेमा चिन्तित हुनुहुन्छ । उहाँलाई प्रार्थना गर्नुहोस् र उहाँसँग शान्ति र आत्मविश्वास माग्नुहोस् ।

**कथाको मूख्य सारः येशूको यरूशलेममा विजयी प्रवेशको दुई दिन पछि, उहाँले भविष्यका घटनाहरूको बारेमा सिकाउनु भयो ।**

**पाठको समीक्षा गर्ने क्रियाकलाप : दुई समूह समीक्षा**

कुनै एउटा उपयुक्त समय पछि, शिक्षकले कार्ड अर्थात् कागजका टुक्राहरू संकलन गर्नुपर्नेछ र प्रत्येक समूहबाट सबैभन्दा राम्रो प्रश्न र उत्तरहरूको लागि इनाम वा उनीहरूले प्राप्त गर्ने उचित अंक दिनुपर्ने हुन्छ ।

बालबालिकाहरूको हरेक कक्षामा दुईजना शिक्षकहरू राख्नु उत्तम हुन्छ । यदि त्यहाँ दुईजना शिक्षकहरू भए भने, प्रत्येक समूहमा एकजना शिक्षक समूहको अगुवा (कप्तान) हुन सक्छन् ।

# रोचक घटना नं ७०

# लुका २२: ७–२० र यूहन्ना १४:१–२७

**कथाको मूख्य सार: येशूले आफ्ना चेलाहरूलाई बहुमुल्य निर्देशनहरू र सान्त्वनाका प्रतिज्ञाहरू गर्नुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- येशूले आफ्ना चेलाहरूसँग खाएको अन्तिम भोजनलाई निस्तार-चाडको भोजनको रूपमा लिइन्छ । यद्यपि, यूहन्नाले त्यस समयलाई संकेत गरेका छन्, जब येशू मर्नुभयो तब ठ्याक्कै निस्तार चाडको भोजनको निम्ति थुमालाई बलि गर्ने समय पनि त्यहि थियो (यूहन्ना १९:१४) । सम्भवत: निस्तार चाड आठ दिनको उत्सव थियो । त्यस हप्ता साँच्चै नै निस्तार चाडको हप्ता थियो ।
- महिलाहरूले पानी बोक्ने परम्परा थियो त्यसैले जब कुनै पुरूषले पानी बोक्थ्यो भने ऊ पक्कै पनि अरू भन्दा फरक रूपमा प्रस्तुत भएको हुन्थ्यो । यहि मानिसको घरमा येशूले उनका चेलाहरूसँग अन्तिम भोजन खानु हुने थियो । स्पष्टत: त्यो मानिस एक विश्वासी थियो । आफ्नो मृत्युको तयारीको क्रममा पनि येशूले चमत्कारहरू गर्दै हुनुहुन्थ्यो ।
- इस्राएलीहरू मिश्रबाट निस्कनु अघि मारिएको थुमाको रगत प्रत्येक विश्वासीको घरको चौखटमा लगाएर मनाइएको निस्तार चाडको सम्झनामा मनाइने उत्सव थियो ।
- येशूले चेलाहरूलाई रोटी खानु र दाखमद्य पिउनु एउटा नयाँकरारको शुरूवातको प्रतिक हो भनेर सिकाउनुभयो । यस प्रतिकले यो देखाउँछ कि नयाँ करारको शुरूवातको लागि येशूको रगत र शरीरको आवश्यकता थियो ।
- दाखमद्य र रोटी परमेश्वरको थुमाको शरीर र रगतको प्रतिक थियो जसले संसारका पापहरू हटाइदिनेछ । येशूले आफ्ना प्रेरितहरू अर्थात् चेलाहरूलाई यो उनीहरूसँगको अन्तिम भोजन हो भनि घोषणा गर्नुभयो ।
- नयाँ करारले यहूदी राष्ट्रको लागि र परमेश्वरका थुमा माथि विश्वास गर्नेहरूको पुर्नस्थापनाको प्रवन्ध गरेको थियो । मण्डली युगका विश्वासीहरू पनि यसमा सहभागी हुन्छन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोर्‍याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

रोचक घटना नं. ६७: मृत्युमाथि येशूको शक्ति

१. उहाँ पुनरूत्थान हुनुहुन्छ भनि जब उहाँले भन्नुभयो यसको अर्थ के थियो ?

२. यूहन्ना ११:२५ पढ्नुहोस् ।

३. येशूमा मृत्यूमाथि विजय हुने शक्ति छ ।

४. येशूलाई धन्यबाद होस् किनकि उहाँले मृत्युमाथि विजय प्राप्त गर्नुभयो ।

रोचक घटना नं. ६८: येशूको विजयी प्रवेश

१. येशू यरूशलेममा किन गधामाथि चढेर प्रवेश गर्नुभयो ?

२. जकरिया ९: ८-९ पढ्नुहोस् ।

३. येशूलाई यरूशलेमभित्र एउटा एकदमै उत्साहित भीडले स्वागत गरेको थियो ।

४. यो लोकप्रिय नभएता पनि खीष्टको अनुसरण गर्न प्रार्थना गर्नुहोस् ।

रोचक घटना नं. ६९: जैतुन डाँडामा गरिएको भविष्य सम्बन्धित कुराकानी

१. येशूले आफ्ना चेलाहरूलाई भविष्यका कुन घटनाहरूको बारेमा बताउनुभयो ?

२. मत्ती २४ पढ्नुहोस् ।

३. उहाँको विजयी प्रवेशको दुई दिन पछि, येशूले आफ्ना चेलाहरूसँग भविष्यका घटनाहरूको बारेमा कुरा गर्नुभयो ।

४. भविष्यमा हुने घटनाहरूको विषयमा जान्न सक्ने उहाँको क्षमतालाई पहिचान गर्न सकौं भनि हामी प्रार्थना गरौं ।

**पाठ शुरू गर्ने क्रियाकलाप: सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरूबाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मुख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

के तपाईं कहिले भविष्यलाई लिएर त्रसित हुनुभएको छ ? भविष्यका कुन घटनाहरूले तपाईंलाई भयभित तुल्याउँछ ? यस पाठले हामीलाई यो कुरा देख्न मद्दत गर्दछ कि येशू खीष्टसँग भविष्यको बारेमा बताउनको लागि, धेरै सान्तवनाका कुराहरू छन् ।

## कथा भन्नुहोस्

यस बेला यरूशलेममा एउटा महान् उत्सवको समय थियो। धेरै मानिसहरू हप्ताभरी निस्तार चाड मनाउनको लागि शहर भित्र आएका थिए। धेरै मानिसहरू येशूलाई हेर्नको लागि धेरै नै उत्साहित थिए ताकि उहाँले उनीहरूको लागि केहि विशेष आश्चर्य काम गर्नुहुनेछ भनि आशा गरिरहेका थिए। तर सबैजना येशूलाई देखेर उत्साहित थिएनन्। यहूदीहरूले अझै येशूलाई मार्ने उपायहरू पत्ता लगाउने कोसिस गरिरहेका थिए। तब यो कुरा भएको थियो जब...शैतान बाह्र जना चेलाहरू मध्ये एक जनामा प्रवेश गऱ्यो। त्यसैले यहूदा इस्करयोतीले अरू प्रेरितहरूलाई छोडेर येशूलाई मार्न खोजीरहेका धर्मगुरूहरूसँग येशूलाई पक्राईदिने सम्झौता गऱ्यो। तिनीहरूले यो विश्वास गर्न सकेनन्...येशूका आफ्नै चेलाहरू मध्ये एकजनाले उहाँलाई धोका दिइरहेको थियो! उहाँ यति लोकप्रिय हुनुहुन्थ्यो कि उनीहरू कसैले पनि यस्तो हुन्छ होला भनेर सोचेका थिएनन्।

जब निस्तार चाडको थुमा मारेर खाने दिन आँउथ्यो। यसले इस्राएलीहरूलाई जब उनीहरू मिश्रमा थिए र उनीहरू त्यहाँबाट निस्कन सफल भएको कुराको सम्झना दिलाउँदथ्यो। विश्वासद्वारा उनीहरूले थुमाको रगत ढोकाको चौकसमा लगाए र ती दूत ढोकाको चौकसमा रगत भएका हरेक घरहरूलाई छोड्दै गए। जब येशूले पत्रुस र यूहन्नालाई निस्तारको भोजन तयार गर्नको लागि भन्नुभयो र उनीहरूले तुरून्तै त्यस भोजन कहाँ खाइनेछ भनि जान्न चाहेकाछन्। येशूले पत्रुस र यूहन्नालाई भन्नुभयो कि उनीहरूले एकजना मानिसलाई पानी बोकेर हिडिँरहेको देख्नेछन् र उसको घर प्रयोग गर्न सक्छौं कि भनि उसलाई सोध्नुपर्ने थियो। ती दिनहरूमा, पुरूषले पानी बोकेको देख्नु एकदम असामान्य कुरा थियो। हरेक समयमा महिलाहरूले नै यो काम गर्ने गर्दथे।

आखिरमा, उनीहरूले त्यस मानिसलाई भेट्टाए र उसले तिनीहरूलाई आफ्नो घरको दोस्रो तल्लाको ठूलो कोठा देखाए। उनीहरूले निस्तार चाडको भोजन त्यहाँ खान सक्थे। जब सबै प्रेरितहरू र येशू भोजन खानलाई आइपुग्नु भयो, येशूले उनीहरूसँग यो भोजन खानको लागि कति उत्सुक हुनुहुन्थ्यो भन्ने कुरा बताउनु भयो। रोटी लिँदै, त्यसलाई उहाँले आशिष् दिनुभयो, भाँच्नुभयो, र यो भन्दै उनीहरूलाई दिनुभयो, "यो मेरो शरीर हो, जुन तिमीहरूको निम्ति दिइन्छ। यो मेरो सम्झनामा गर्ने गर।" रोटी खाएपछि उहाँले कचौरा पनि यसो भन्दै दिनुभयो," यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो, जुन रगत तिमीहरूको लागि बहाइन्छ।"

त्यसपछि, येशूले तिनीहरूलाई चेतावनी दिनुभयो कि उनीहरू मध्ये एकजनाले उहाँलाई विश्वासघात गर्नेछ। त्यस धोकेबाज उहाँहरू सँगै टेबलमा उपस्थित थिए भन्ने कुरा बताउनु भयो। तुरून्तै, प्रेरितहरू एकअर्कालाई सोधपुछ गर्न थाले र तिनीहरू एक अर्कामाथि शंका गर्न थाले। उनीहरूले सोचे,"हामी मध्ये कसले उहाँलाई विश्वासघात गर्नेछौं ?" येशूले पत्रुसलाई भन्नु भएको थियो कि उहाँले उसको लागि प्रार्थना गरिरहनु भएको थियो र पत्रुसले प्रभुको लागि जे पनि गर्न सक्ने जवाफ दिएका थिए। तिमीले मलाई भाले बास्नु अघि तीनपटक इन्कार गर्नेछौ भनि पत्रुसलाई येशूले बताउनुभयो। त्यस माथिल्लो तल्लाको कोठामा हुँदा नै येशूले आफ्ना प्रेरितहरूलाई तिनीहरूको लागि छोड्नुहुने शान्तिको बारेमा पनि बताउनुभएको थियो। उहाँले बताउनुभयो कि उहाँले उनीहरूको लागि एउटा विशेष स्थान तयार गर्न जाँदै हुनुहुन्छ जहाँ उनीहरू उहाँसँग रहन सक्छन्। उहाँले तिनीहरूलाई यो पनि बताउनुभयो कि उहाँ नै एक मात्र सत्य हुनुहुन्छ, एक मात्र बाटो हुनुहुन्छ, र जीवन दिने एकमात्र जीवनदाता हुनुहुन्छ।

**कथा भन्ने क्रियाकलापः उत्सव**

सम्भव हुन्छ भने शिक्षकले बालबालिकाहरूलाई उत्सवको महसुस गराउनका लागि विशेष खानेकुराहरू ल्याउनु पर्ने हुन्छ। कथा भन्नु अघि बालबालिकाहरूलाई खानेकुरा खान दिनुहोस्। अब, येशूको प्रेरितहरूसँगको अन्तिम भोजनको बारेमा कथा भन्नुहोस्।

## कण्ठ गर्नुपर्ने पद

**यूहन्ना १४:६ (टि.बी.एस)** - येशूले तिनलाई भन्नुभयो, “बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोहि पनि पिताकहाँ जान सक्दैन ।”

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति “प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)” बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

“येशूको आफ्ना चेलाहरूसँगको अन्तिम भोज”

के अनुमान लगाउन सक्नुहुन्छ ? हामी मध्ये जसले येशूलाई आफ्नो उद्धारकर्ताको रूपमा विश्वास गर्छौं, हामी एक दिन एकदम ठूलो अर्थात् लामो यात्रामा जाँदै छौं ! हामी स्वर्ग जाने वाला छौं !! यदि तपाईं पृथ्वीमाा कुनै एउटा विशेष यात्राको लागि जाँदै हुनुहुन्छ भने, तपाईंले त्यो यात्रा कस्तो हुनेछ भनि धेरै तरिकाले थाहा पाउन सक्नु हुन्छ । तपाईं त्यहाँ पहिले पनि जानुभएको हुन सक्छ । तपाईंले त्यहाँ भएको कसैलाई चिन्नु भएको पनि हुन सक्छ र तपाईं उनीहरूलाई त्यस ठाउँको बारेमा सोध्न सक्नु हुन्छ । यदि त्यसो होइन भने, तपाईं ईन्टरनेटमा त्यो ठाउँ कस्तो छ भनि हेर्न सक्नुहुन्छ । हाम्रो स्वर्गको यात्राको लागि, त्यो कस्तो हुनेछ भनी हामीसँग स्वयम् परमेश्वरबाट दिइएका केहि संकेतहरू छन् ! उनले हामीलाई भनेका छन् कि यो एकदम अद्भुत हुनेछ कि कसैले पनि यो कति महान् छ भनि कल्पना पनि गर्न सक्दैन । उनले हामीलाई यी कुराहरू बताए किनकि उहाँ हामीलाई तयार पार्दै हुनुहुन्छ । परमेश्वर हामीलाई यसको लागि तयार पार्दै हुनुहुन्छ !! आउनुहोस् हेरौं कि परमेश्वरको वचनले हामीलाई स्वर्गको बारेमा कति धेरै कुराहरू बताएको छ । शिक्षकले प्रतिक्रियाहरूको लागि समय दिनु पर्छ: सुनको सडक, मोतीका ढोकाहरू, सिद्ध, पापरहित, आँशु रहित, मृत्यु रहित, सधैं येशू सँगै, आदि । स्वर्गको बारेमा परमेश्वरको वचनले के भन्दछ, यो हेर्नको लागि सबैको लागि एक सूची बनाउनुहोस् । येशू जान्नुहुन्थ्यो कि उहाँले कष्ट भोग्नुपर्नेछ र मर्नुपर्नेछ, र उहाँ यो पनि जान्नु हुन्थ्यो कि उहाँ चाँडै स्वर्गमा जाँदैहुनुहुन्थ्यो । यसले उनलाई ठूलो शान्ती प्रदान गऱ्यो, र यसले हामीलाई पनि ठूलो शान्ति प्रदान गर्न सक्छ ।

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलाप: उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुईंमा टाँस्नुहोस्।बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

**बाइबल**
**क्रियाकलाप: येशूको उनको चेलाहरूसँगको अन्तिम भोजन**

के तपाईं कहिले लामो यात्रामा जानु भएको छ ? त्यो कति रमाइलो हुन्छ होला, भनेर विचार गर्दा मात्र पनि एकदम उत्सुक हुन्छ ! हुनसक्छ तपाईं कुनै एउटा साथी वा आफन्तलाई भेट्न जाँदै हुनुहुन्छ । हुनसक्छ तपाईं विशेष बिदाको लागि जाँदै हुनुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. निस्तार चाड सामान्यतया एक हप्ताको लामो उत्सव थियो । (सहमत) ।

२. यो समयमा पुरूषहरूले पानी बोक्ने चलन थियो । (असहमत, सामान्यतया, महिलाहरूले पानी बोक्ने चलन थियो) ।

३. निस्तार चाड लाल समुद्र पार गरिएको सम्झनामा गर्ने गरिन्थ्यो । (असहमत, इस्राएलीहरूले थुमाको रगत ढोकाको चौकसमा लगाएर मृत्युबाट छुटकारा पाएको घटनाको सम्झना गरेर यो चाड मनाउने गरिन्थ्यो ।)

४. येशूले पत्रुस र यूहन्नालाई निस्तारको भोज तयार पार्नु भन्नुभयो । (सहमत ।)

५. जब येशूले प्रेरितहरूलाई उनीहरूमध्ये एक जनाले विश्वासघात गर्नेछ भनेर बताउनुभयो, उनीहरू सबैलाई यो यहुदा नै हो भनेर थाहा थियो । (असहमत, तिनीहरू सबै एकअर्का प्रति शंकास्पद थिए ।)

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाइँको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

## ५) पाठ लागु गर्नुहोस्

एउटा ठूलो घरको कल्पना गर्नुहोस्...एउटा धेरै ठूलो घर...एउटा ठूलो घर जुन आलिशान बनाइएको छ । अब, यो कल्पना गर्नुहोस् कि त्यो घर तपाईंको लागि बनाइएको हो । येशूले चेलाहरूलाई भन्नुभयो कि उहाँ तिनीहरूको लागि एउटा विशेष ठाउँ तयार पार्न जाँदै हुनुहुन्छ ।

येशूले तयार पार्नुभएको यस ठाउँमा जानको लागि तयार हुनलाई तपाईं के गर्न सक्नुहुन्छ ?

**कथाको मूख्य सारः येशूले आफ्ना चेलाहरूलाई बहुमुल्य निर्देशनहरू र सान्त्वनाका प्रतिज्ञाहरू गर्नुभयो ।**

# रोचक घटना नं ७१

## मत्ती २६:१-५६

**कथाको मूख्य सार: यहूदा इस्करीयोतले येशूलाई धोका दियो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- त्यहाँ येशूलाई मार्ने षड्यन्त्र भई रहेको थियो । त्यहाँ यो षड्यन्त्र बिना, येशूको विरूद्ध अरू कुनै आरोप नै थिएन ।
- मत्ती र मर्कूसले लेखे अनुसार यस घटना ठीक अन्तिम भोज पश्चात् भएको हुनुपर्छ। यसको विरोधाभास स्पष्ट थियो: मरियमको भक्ति र यहूदाको विश्वासघात।
- सम्भवत: यहूदाले रोमी सरकारको राजनैतिक शासनको पतनको आशा राखेका थिए त्यसैले उनले येशूलाई धोका दिए ।
- यहूदा चेलाहरूका समूहको कोषाध्यक्ष थिए । यहूदाले अपेक्षा गरे अनुसार येशूले आफ्नो राज्य स्थापना गर्नुहुने छैन भन्ने कुरा थाहा पाएपछि यहूदाले येशूलाई ३० टुक्रा चाँदी, दासको छुटकाराको मोलको निम्ति येशूलाई धोका दिने कुरालाई रोज्यो ।
- यहूदाले येशूलाई चुम्बन गरेर धोका दिएको थियो, जुनचाहीँ रोमी सिपाहीहरूको लागि उनीहरूले पक्रनु पर्ने येशू उहाँ नै हुनुहुन्छ भन्ने संकेत थियो ।
- यहूदाले येशूलाई चिनाईदिएको थियो तर उहाँलाई चिन्न गाह्रो भएकोले चाहिँ होइन कारण यहूदा कानूनको नजरमा एउटा औपचारिक अभियोगकर्ता हुनु पर्ने थियो ।
- पत्रुसले प्रधान पुजारी माल्खसका एक जना नोकरको कान काटिदिए । पत्रुसले हारलाई रोक्ने प्रयास गर्दै थिए । यद्यपि, पत्रुसले यो कुराको महसुस गर्न सकेनन् कि येशूले विजय प्राप्त गर्नको लागि उहाँ मर्नुपर्ने थियो ।
- परमेश्वरको राज्य तरवार लिएर होइन तर विश्वास र आज्ञाकरितामा अघि बढ्नु पर्ने थियो ।
- धार्मिक शासकहरूले उहाँलाई कुनैपनि समय पक्रन सक्थे तर तिनीहरूले रातमा यो काम गर्ने निश्चय गरेका थिए किनकि भीडहरू प्रायजसो राती घर फर्किसकेका हुन्थे ।
- यहूदी परिषद्ले मृत्युदण्डको सिफारिस गरे भने रोमीहरूले त्यसको प्रमाणित गरेका थिए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

आउनुहोस् हामी अहिलेसम्म अध्ययन गरेका समय अवधिको समीक्षा गरौं:

- क्रमिक रूपमा, यी युगहरू वा समय अवधिहरू के के हुन् ? (शुरूवात, राष्ट्रको शुरूवात, भूमिमाथि अधिकार, संयुक्त राज्य, विभाजित राज्य, निर्वासन, फर्किएको, येशू ख्रीष्टको प्रारम्भिक जीवन, र येशू ख्रीष्टको सेवाकाई)
- प्रत्येक समय अवधिमा हामीहरूले भेटेका केहि प्रख्यात व्यक्तित्वहरू को को हुन् ?

१. शुरूवात: आदम र हव्वा, लुसिफर, कयिन, हाविल, र नोआ

२. राष्ट्रको शुरूवात: अब्राहाम, सारा, इसाहक, रिबेका, याकुब, योसेफ, मोशा, र फारो

३. भूमिमाथि अधिकार: यहोशू, गिदोन, र शमूएल

४. संयुक्त राज्य: शाऊल र दाऊद

५. विभाजित राज्य: यरोबाम, एलिया, र एलीशा

६. निर्वासन: दानिएल र इजकिएल

७. फर्किएको: एज्रा र दानिएल

८. येशू ख्रीष्टको प्रारम्भिक जीवन: हन्ना, शिमियोन, मरियम, युसुफ, र येशू

९. येशू ख्रीष्टको सेवाकाई: शैतान, बप्तिसमा दिने यूहन्ना, चेलाहरू, निकोदेमस, ईनारमा भएकी स्त्री, र येशू ख्रीष्ट

१०. धोका र येशू ख्रीष्टको मृत्यु: येशू ख्रीष्ट, उहाँका चेलाहरू, र यहूदा ईस्करोयोत

## ३) पाठ सिकाउनुहोस्

ती साथीहरूको बारेमा विचार गर्नुहोस् जसले तपाईंलाई धोका दिएका थियो। तपाईंले उनीहरूमाथि विश्वास गर्नुभयो तर उनीहरूले तपाईंमाथि विश्वासघात गरे। तपाईंले उनीहरू तपाईंका साथीहरू हुन् भनी सोच्नुभयो, तर जब तपाईंलाई उनीहरूको आवश्यकता थियो उनीहरूले तपाईंलाई छोडेर गए, यति मात्र होइन तपाईंको बारेमा झुट कुराहरू पनि बोलेका थिए।

येशू ख्रीष्टको पनि त्यस्तै एउटा साथी थियो।

### शिक्षक साहयता

**पाठ शुरू गर्ने क्रियाकलाप: बल टस**

आफ्नो कक्षाका विद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाएर एउटा कुनै पनि प्रकारको बल दिनुहोस्। उक्त बल पालैसँग एकअर्कालाई गुडाएर दिन लगाउनुहोस्। जब कुनै बालबालिकाले बल समाउँछ, त्यस बालबालिकालाई प्रश्नको पहिलो भागको उत्तर दिन लगाउनु होस्। यदि उनीहरूले गलत जवाफ दिएको खण्डमा त्यहि बेला उत्तर सच्याउने कार्य नगर्नुहोस्। उक्त बालबालिकालाई अर्को प्रश्नको लागि बल अर्को बालबालिकातर्फ गुडाउन लगाउनुहोस्।

## कथा भन्नुहोस्

बुधवारको दिन, येशूले चेलाहरूलाई अन्तिम समयहरूको बारेमा बताउनुभयो। उहाँले तिनीहरूलाई भन्नुभएको थियो कि अन्तको समयमा कोहि नरकको आगोमा खसालिनेछन् र कोहि स्वर्गको आनन्दमा बस्नेछन्। स्वर्ग जाने मानिसहरू ती हुनेछन् जसले विश्वास गर्नेछन् र दयाको कामहरू गर्नेछन्। उहाँले तिनीहरूलाई तिमीहरूसँग पैसा वा कुनै विशेष क्षमताहरू हुनु आवश्यक छैन भनिरहनु भएको थियो। तिमीहरूले केवल गहिरो आत्मिक तृष्णा र शारीरिक आवश्यकताहरू हेर्नुपर्छ र तिनीहरूलाई पूरा गर्नुपर्छ। स्वर्ग जाने प्रकारका मानिसहरू ती नै हुन् जसलाई उहाँले सिकाउनु भएको थियो।

यी कुराहरू भनिसकेपछि, उहाँले आफुलाई धोका दिइनेछ र क्रुसमा टाँगिनुपर्नेछ भनि भन्नुभयो। त्यसपछि एउटी स्त्रीले येशूको खुट्टामा महँगो अत्तर लगाएकी थिइन्। चेलाहरू यो देखेर रिसाएका थिए। यो अत्तर बेचेर त्यसबाट आएको पैसाले गरिबहरूलाई खुवाउन सकिन्थ्यो भनेर उनीहरूले सोचेका थिए। येशूले चेलाहरूलाई उहाँ तिनीहरूसँग धेरै समयको लागि रहनुहुन्न भनेर हप्काउनुभयो। त्यस समयमा यहूदा ईस्करोयोतले येशूलाई धोका दिने उचित समय खोजिरहेको थियो। येशूलाई धोका दिनको लागि उसले फरिसीहरूसँग जम्मा ३० चाँदीको टुक्राहरूमा सम्झौता गरेको थियो।

बिहिवार, तिनीहरूले अखमिरी रोटीको चाडको लागि खाना खाने ठाउँ खोज्न थाले। येशूले तिनीहरूलाई एउटा विशेष ठाउँको बारेमा बताउनुभयो जहाँ भोजको आयोजना गरिनु पर्ने थियो। त्यस रात येशू र उहाँका सबै चेलाहरू अन्तिम भोजनको लागि भेला भएका थिए। येशूले उनीहरूलाई उहाँको शरीर र रगतको विषयमा बताउनुभयो जुन भाँचिनेछ र रगत जुन जमीनमा बग्नेछ। उहाँले एउटा रोटी लिनुभयो र सबैलाई बाँडिदिनुभयो जुन उहाँको शरीरको एउटा प्रतीक थियो। सबैले खाए। तब, उहाँले कचौरा लिनुभयो जुन उहाँको रगतको प्रतीक थियो। सबैले पिए। अनि येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो कि तिनीहरू मध्ये एकजनाले उहाँलाई धोका दिनेछ। यहूदा इस्करोयोतले पनि के त्यो म हूँ प्रभु भनि सोधेको थियो।

भोजन खाईसकेपछि, चेलाहरू र येशू प्रार्थना गर्नको लागि छोटो दुरीको यात्रा गरेर जैतुन डाँडामा जानुभयो। तर, यहूदा इस्करोयोत रोमी सिपाहीहरू र उसले येशूलाई धोका दिए बापत्त पाउने पैसा लिनको लागि गएको थियो। जब येशू जैतुन डाँडाको बगैंचामा प्रार्थना गरिरहनुभएको थियो उहाँका चेलाहरू जागा रहन सकेनन्। येशूले उनीहरूलाई धेरै चोटि जागा रहो भन्नुभएतापनि तिनीहरू निदाएका थिए। यो समय यहूदा इस्करोयोतले रोमी सैनिकहरूलाई लिएर आएको समय सम्मको थियो। यहूदा इस्करोयोतले रोमी सैनिकहरूलाई, जसलाई म चूम्बन गर्नेछु उहाँ नै येशू हुन् भनेर भनेका थिए। ताकि, सिपाहीहरूले वास्तवमा कसलाई पक्रनु पर्ने हो भनेर पक्का गरी जान्नेछन्। येशूले तिनीहरूको गिरफतारीको प्रतिरोध गर्नुभएन तर पत्रुसले चाहिँ एकजना सिपाहीको एउटा कान काटिदिएका थिए। येशूले दयालु भएर प्रधान पुजाहारीको त्यस नोकरको कान निको पारिदिनुभयो। जब रोमी सिपाहीहरूले येशूलाई पक्रे, बाँकी चेलाहरू भागे र येशूलाई छोडेर गए।

### कथा भन्ने क्रियाकलाप: ख्रीष्टको जीवनको अन्तिम हप्ताको समयक्रम

शिक्षकले कक्षालाई दुई वटा समूहमा विभाजन गर्नुपर्छ। प्रत्येक समूह को लक्ष्य भनेको येशूलाई क्रुसमा टाँग्नु भन्दा अघिको पहिलो अन्तिम हप्ताको घटनाहरूको सही क्रम दिनु हो।

- येशूले बेथानीमा एउटा मित्रलाई मरेकोबाट बिउँताउनुभयो।
- येशूले भन्नुभए अनुसार चेलाहरूले बेथफागेबाट गधालाई ल्याए।
- येशू गधामा चढेर यरूशलेममा प्रवेश गर्नुभयो।
- येशूले चेलाहरूलाई अन्तिम समयको बारेमा बताउनुभयो।
- एक जना महिलाले येशूको पाउमा महँगो अत्तर हालिदिइन्।
- अन्तिम भोज
- येशू र उनका चेलाहरू जैतुन डाँडामा प्रर्थना गर्न गएका थिए।
- यहूदाले येशूलाई धोका दिएको थियो।

## कण्ठ गर्नुपर्ने पद

**मत्ती २६:५६ (टि.बी.एस) -** तर भविष्यवक्ताहरूका शास्त्रहरू पूरा होउन् भनेर नै यी सबै कुराहरू भएका हुन् । तब सबै चेलाहरू उहाँलाई छोडेर भागे ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

यदि सम्भव हुन्छ भने, कक्षामा एउटा शब्दकोश ल्याउनुहोस् । कमसेकम ६ वटा साना उपहारहरू पनि ल्याउनुहोस्, तर यो कुरा गोप्य राख्नुहोस् ! कक्षा भन्दा पहिले तलका प्रत्येक शब्दहरू छुट्टा छुट्टै कागज वा कार्डमा लेख्नुहोस्: धोका, विनम्रता, कोषाध्यक्ष, पीडा, अन्धकार, समर्पण । कोहि स्वयम्सेवकहरूलाई कार्ड छनौट गर्न लगाउनुहोस्, त्यसपछि कार्डमा भएको शब्दहरू हेर्न लगाउनुहोस् । अब उनीहरूले त्यस शब्दको व्याख्या कक्षामा पढेर सुनाउनुपर्छ । शिक्षकले (वा विद्यार्थीले जो यो गर्नलाई सक्षम छन्) प्रत्येक शब्दको परिभाषा सम्बन्धित कार्डमा लेख्नुपर्छ । यी शब्दहरू परिभाषित गरिसकेपछि, भन्नुहोस्: हामी आजको यी प्रत्येक शब्दहरू (वा विचारहरू) कथा भन्ने क्रममा सुन्न जाँदैछौं । जब तपाईं यी मध्ये कुनै एउटा शब्द भनिएको वा व्याख्या गरिएको सुन्नुहुन्छ भने, त्यो शब्द भएको कार्ड उठाउनुहोस् । कथा समाप्त भएपछि, यी प्रत्येक मुख्य शब्दहरू र अवधारणाहरूको बारेमा कुरा गर्नुहोस् ।

**पद कण्ठ गर्ने क्रियाकलाप: कक्षाको वरिपरी**

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस् । जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ । सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्नसक्नुहुन्छ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षामा स्वयम्सेवकहरूले बोर्ड वा ठूलो कागजमा सबैले देख्ने गरी पाठबाट हामीले जान्नै पर्ने सबैभन्दा महत्वपूर्ण ५ कुराहरूको सूची बनाउनुपर्दछ ।

उदाहरणको लागि:

१. बुधवार, येशूले नरकमा जाने बारेमा मानिसहरूलाई चेतावनी दिनुभयो ।

२. बिहिवार, येशूले तोक्नुभएको विशेष ठाउँमा चेलाहरू र येशूको अन्तिम भोज भएको थियो ।

३. यहूदाले येशूलाई ३० चाँदीका टुक्राहरूको लागि धोका दिएका थिए ।

४. प्रार्थना गर्नुपर्ने समयमा चेलाहरू बगैंचामा जागा रहन सकेनन् ।

५. जब येशू रोमी सिपाहीहरूद्वारा पक्राउ पर्नुभयो, उहाँले उनीहरूको हिंसाको बदला लिनुभएन ।

**समीक्षा गर्ने क्रियाकलाप: ५ लेखकहरू**

पाँच जना स्वयंसेवकहरू-लाई कक्षाको अगाडि आएर पाठबाट सिक्न पर्ने एउटा एउटा महत्वपूर्ण कुराहरू लेख्न लगाउनुहोस् । यी किन महत्वपूर्ण छन् भनि सोध्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

पाठ ४५ मा हामीले येशूलाई धोक दिइनेछ भनेर पढेका थियौं । यहूदा ईस्करोयोत र अन्य चेलाहरूले कुन कुन तरिकाहरूमा येशूलाई धोका दिए ? शिक्षकले यशैया ५३ पढ्नुपर्नेछ र कक्षालाई यो याद गराउनुपर्छ कि धर्मशास्त्रको यो भाग अब पूरा हुन गईरहेको थियो । यशैयाले येशूको जन्म भन्दा ७०० वर्ष अघि नै यो कुराहरू लेखिसकेका थिए । येशूलाई गरिएको विश्वासघात यस्तो एउटा कुरा थियो जुन परमेश्वरलाई पहिले नै थाहा थियो ।

**कथाको मूख्य सारः यहूदा इस्करीयोतले येशूलाई धोका दियो ।**

# रोचक घटना नं ७२

# मत्ती २७:१-२४

**कथाको मूख्य सारः येशू निर्दोष हुनुहुन्थ्यो तर भीडले उसलाई क्रुसमा टाँग्नुहोस् !" भनेर चिच्याएको थियो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- यहूदी धर्मगुरूहरूले रोमी अधिकारीहरूद्वारा येशूलाई क्रुसमा टाँग्न लगाउनु परेको थियो किनकि उनीहरू आफैलाई यो काम गर्ने अधिकार थिएन ।
- येशूलाई मृत्यृदण्डको सजाय सुनाउनको लागि रोमी राज्यपाल पिलातसकोसामु हाजिर गराउनु पऱ्यो । पिलातसले कैसरियाबाट शासन गर्थे तर एउटा विशेष अवसर परेकोले उनी यरूशलेममा आएका थिए । पिलातससँग येशूको विरूद्ध एउटै आरोप थियो कि उहाँले आफैलाई यहूदीहरूको राजा भनि दावी गरेका थिए । यहूदीहरूले ईश्वरनिन्दाको आरोपमा उहाँलाई गिरफ्तार गरेका थिए तर त्यस आरोपले रोमीहरूलाई केहि मतलब राख्दैन थियो । यदि येशूले आफूलाई राजा भन्नुभएको खण्डमा भने रोमीहरूले उहाँलाई कारबाही गर्न सक्ने थिए ।
- यहूदा इस्करोयोतलाई थाहा भयो कि उसले येशूलाई धोका दिनु गलत थियो तर त्यसबेला सम्म धेरै ढिला भइसकेको थियो । उसले त्यस पैसाबाट छुटकारा पाउने निर्णय गऱ्यो जुन पैसाले उसलाई उसको पापपूर्ण कार्यहरूको सम्झना गराउँथ्यो ।
- नता रोमी प्रान्तका गभर्नर पन्तियस पिलातसले, नता गालीलका यहूदी शासक हेरोद एन्टिपासले येशूमा कुनै दोष भेटाए । तर यहूदीहरूलाई खुशी पार्नको लागि मात्र पिलातसले येशूलाई क्रुसमा टाँग्ने आदेश दिएका थिए ।
- जब पिलातसले येशूलाई सोधेका थिए, के उहाँ यहूदीहरूका राजा हुन् कि होइनन् भनेर, तब उहाँको जवाफ सकरात्मक थियो । यो राजा रोमी साम्राज्यको लागि कुनै खतरा होइन भनेर पिलातसले महसुस गरे र येशूलाई छोड्ने प्रयास गरे । यद्यपि, भीडलाई त्यस कुराको कुनै पनि सरोकार भएन ।
- किनकि यो निस्तार चाडको अवसर थियो, त्यस समयमा एउटा अपराधीलाई छोडिदिने चलन थियो । बारब्बास नामका एकजना कुख्यात अपराधी र येशू मध्ये एकजनाको रिहाईको सम्भावना थियो । पिलातसले सोचे कि यहूदीहरूले आफूले प्रेम गरेका येशूलाई रोज्नेछन् । यद्यपि भीडले केहि गर्न चाहेनन् र "उसलाई क्रुसमा टाँग्नुहोस् !" भन्दै चिच्याए, जबकि पिलातसले भीडबाट केहि थप पुष्टि गर्न चाहान्थे, तर तिनीहरू केवल "उसलाई क्रुसमा टाँग्नुहोस् !" भनेर जोडले चिच्याए ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

तपाईंहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईंको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईंको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौं । "**हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?**" भनेर सोध्नुहोस् ।

विद्यार्थीहरूलाई हामीले बाइबलमा भएका कुन कुन मुख्य घटनाहरूको विषयमा पढिसक्यौं ? भनि सोध्नुहोस् ।

- परमेश्वर सधैं अस्तित्वमा हुनुहुन्थ्यो र उहाँ धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वी र यसमा भएका सबैथोकहरू बनाउनुभयो ।
- लुसिफर, वा शैतानले आदम र हव्वालाई छल गऱ्यो ।
- परमेश्वरले नोआ र तिनको परिवारलाई बचाउनुभयो किनभने नोआ एक धर्मी मानिस थिए ।
- परमेश्वरले अब्राहामसँग विशेष प्रतिज्ञा गर्नुभयो ।
- याकुबले परमेश्वरका दूतसँग लडाइँ गरेर एउटा नयाँ नाम इस्राएल पाएका थिए, ।
- परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट निकाल्नुभयो ।
- परमेश्वरले दश आज्ञा नामक नैतिक नियमहरूको स्थापना गर्नुभयो ।
- परमेश्वरले दाऊदलाई राजा हुनको लागि चुन्नुभयो । उहाँले एकदिन सधैंको लागि राजा हुनलाई एकजना पठाउनुहुनेथियो ।
- सोलोमनको पापको कारणले गर्दा राज्य दुईभागमा विभाजन भयो ।
- इस्राएल र यहूदा अश्शूर र बेबीलोनमा निर्वासित भएका थिए ।
- यहूदीहरू मन्दिर र पर्खाल निर्माण गर्नको लागि निर्वासनबाट आफ्नो भूमि फर्किएका थिए ।
- पुरानो करार र नयाँ करारको विचमा धेरै परिर्वतनहरू भए ।
- येशू जन्मनु भयो ।
- उहाँको जीवनका प्रारम्भिक घटनाहरूले गर्दा उहाँलाई एउटा विशेष व्यक्तिको रूपमा पहिचान गरायो ।
- येशूले १२ जना मानिसहरूलाई आफ्ना चेलाहरू हुनको लागि चुन्नुभयो ।
- येशूले आँधी र दुष्टआत्मामाथि आफ्नो महान् शक्ति देखाउनुभयो ।
- येशू भीडको प्रशंसा सहित यरूशलेममा प्रवेश गर्नुभयो ।
- यहूदा इस्करोयोतले येशूलाई धोका दियो ।

**पाठ शुरू गर्ने क्रियाकलापः मुख्य घटनाहरू**

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

केहि व्यक्तिहरू धेरै माग गर्ने हुन्छन् । उनीहरूले केहि चिजहरू चाहान्छन् र त्यो अहिले नै होस् भन्ने पनि चाहान्छन् । के तपाईंले कहिल्यै कुनै त्यस्तो व्यक्तिहरूलाई भेट्नुभएको छ जो ज्यादै माग गरिरहन्थ्यो ? उनीहरूको वरिपरी रहँदा तपाईंलाई कस्तो अनुभव भएको थियो ?

यरूशलेममा पनि केहि मानिसहरू धेरै माग राख्ने किसिमका थिए । यहाँसम्म कि उनीहरूले येशूको मृत्यु चाहान्थे, यद्यपि उहाँले केहि गलत काम गर्नुभएको थिएन ।

## कथा भन्नुहोस्

बिहिवारको रात पक्कै पनि येशूको लागि महत्वपूर्ण दिन थियो । येशूको आफ्ना चेलाहरूसँगको अन्तिम भोजन थियो, जहाँ उहाँले उनीहरूलाई आउँदै गरेको उहाँको क्रुसको मृत्युको सम्झना दिलाउनुभयो । यहूदा इस्करोयेतले येशूलाई धोका दिएको थियो । येशूसँग प्रार्थना गर्नलाई चेलाहरू जागा रहन सकेनन् । रोमी सिपाहीहरू ख्रीष्टलाई पक्रन आएका थिए । डरले गर्दा चेलाहरू सबै भागे । त्यसपछि, रोमी सिपाहीहरूले उहाँलाई थुप्रै अनुचित न्यायधीशहरूको अगाडि लगेका थिए ।

यहूदी सिपाहीहरूसँग रोमी सिपाहीहरू पनि थिए । तिनीहरूले येशूलाई बाँधे र उहाँलाई पूर्वप्रधान पूजारी अन्नासको अगाडि लगे । पत्रुसले टाढैबाट येशूलाई कहाँ लैजान्छन् भनि पछ्याइ रहेका थिए । तब कसैले पत्रुसलाई येशूको चेला हो भनि चिन्यो, उसले तुरून्तै त्यो कुरा इन्कार गरेको थियो । येशूलाई अन्नासको सामु हाजिर गराएपछि, सिपाहीहरूले उहाँलाई वर्तमान प्रधान पुजारी कैफास र यहूदी परिषद्मा लगेका थिए । त्यहाँ तिनीहरूले येशूको विरूद्ध आरोपहरू लगाउन खोजे जसले उहाँको मृत्युदण्डलाई प्रमाणित गर्नुपर्ने थियो । एक पछि अर्को व्यक्तिले येशकोू विरूद्ध झुठा आरोपहरू लगाए तर कुनै पनि आरोपहरू विश्वासयोग्य थिएनन् ।

त्यसपछि, रोमी सिपाहीहरू र यहूदी प्रहरीहरूले येशूलाई यहूदियाका राज्यपाल पिलातस कहाँ लगेर गएका थिए । मानिसहरूले लगाएको आरोप उहाँले पहिल्यै भन्नुभएको भनाई जुन उहाँ राजा हुनुहुन्छ भन्ने भनाईमा केन्द्रित थियो । मानिसहरूले सोचेका थिए कि यो कुराले रोमीहरूको बडाहाकिमलाई उक्साउन सकिन्छ । त्यसैकारण, पिलातसले येशूलाई सोधेका छन् कि “के तिमी यहूदीहरूको राजा हौ” जसको उत्तरमा येशूले “तपाईं आफैले नै भन्दै हुनुहुन्छ” भनेर दिनुभएको थियो । सोधपुछको क्रममा, पिलातसले येशू गालीलबाट आएका थिए भन्ने कुरा थाहा पाए । केहि थप प्रश्न गरिसकेपछि पिलातसले यहूदी नेताहरूलाई येशू ख्रीष्टमा कुनै दोष नभएको बताएका थिए । येशू गालीलबाट आएको हुनाले पिलातसले येशूलाई गालीलका शासक हेरोद कहाँ पठाए, जो त्यसबेला विशेष कामले यरूशलेममा आएका थिए । जब हेरोदले येशूलाई सोधे, येशूले उत्तर दिन अस्वीकार गर्नुभयो । अब, रोमी सिपाहीहरूले येशूको खिसी गर्न र उहाँको खिल्ली उडाउन थालेका थिए । उनीहरूले उहाँलाई शाही पोशाक लगाईदिएर येशूलाई झुठो राजा हुन् भनी दर्शाउन खोजेका थिए । हेरोद पनि यस ठट्टामा सामेल भएका थिए र येशूलाई त्यसपछि यहूदियाका राज्यपाल पिलातसकहाँ पठाईदिएका थिए ।

अब, येशू दोस्रो पटक पिलातसको सामु देखा पर्दा मानिसहरूले उहाँको खिल्ली उडाउन थालेका थिए । उनीहरूले पिलातसलाई चर्को र दबावपूर्ण स्वरमा भन्न थाले, “उसलाई क्रुसमा टाँग्नुहोस् !” उनीहरू चिच्याई नै रहे,“ उसलाई क्रुसमा टाँग्नु नै पर्छ !” यद्यपि पिलातसले तीन पटक सम्म भीडलई भनेका थिए कि उनले ख्रीष्टमा कुनै पनि दोष भेट्टाएनन् । तर मानिसहरू अडिग रहे र अन्ततः उनीहरूको आवाज नै प्रबल भयो । पिलातसले आफू निर्दोष भएको घोषणा गरे र येशूलाई क्रुसमा टाँग्नको लागि बाहिर पठाए । पिलातसले येशूलाई पठाउनु भन्दा पहिले पिलातसले येशूलाई पिट्न र कोर्रा हान्न लगाए । खिल्ली गर्दै सिपाहीहरूले येशूको टाउकोमा काँडाको मुकुट लगाईदिए । त्यसपछि तिनीहरूले येशूलाई गलगथामा लगेर गए, जहाँ उहाँलाई क्रुसमा टाँग्नु पर्ने थियो ।

**कथा भन्ने**
**क्रियाकलापः ५**
**अदालतका स्थानहरू**

बिहिवारको रात र शुक्रवारको बिहानको बीचमा, येशू कम्तिमा ५ भिन्दा-भिन्दै अदालतहरूमा देखा पर्नुभएको थियो जसले उहाँको न्याय गरेका थिएः

- अन्नास (यूहन्ना १८:१२-२४)
- कैफास (मत्ती २६: ५७-६४)
- पन्तियस पिलातस (२३:१-६)
- हेरोद (लुका २३:८-११)
- फेरी पन्तियस पिलातस (लुका २३:१३-२३ र मत्ती २७:२४-२६)

**“क्रुसमा टाँग्नुहोस्”**

जब भीडले “उसलाई क्रुसमा टाँग्नुहोस्” भनी चिच्याउँदै थिए उनीहरूले खासमा “उसलाई क्रुसमा मृत्युदण्ड देऊ” भन्दै थिए ।

## कण्ठ गर्नुपर्ने पद

**१ कोरिन्थी ५:७ (टि.बी.एस)** - किनकि ख्रीष्ट पनि, जो हाम्रो निस्तार चाडको पाठो हुनुहुन्छ, हाम्रा निम्ति बलिदान हुनुभएको छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

बालबालिकाहरूलाई सोध्नुहोस्: "के तपाईंलाई कहिल्यै तपाईंले नगरेको कुराको आरोप लगाईएको छ ?" (उनीहरूलाई जवाफ दिन लगाउनुहोस्) तपाईंलाई त्यसबेला कस्तो महसुस भयो ? जब येशूलाई गलत गरेको छ भनी आरोप लगाईयो के उहाँ दोषी हुनुहुन्थ्यो ? (होइन्) के येशूले कहिल्यै खराब काम गर्नुभयो ? (भएन) के येशूले उहाँलाई आरोप लगाउनेहरूसँग वादविवाद गर्नुभयो ? किन गर्नुभएन ? आउनुहोस् त्यसबेला कस्तो महसुस हुन्छ भनेर हामी हेरौं .........एउटा बालबालिकालाई आरोपीत हुनको लागि अगाडी बोलाउनुहोस् । शिक्षकले आरोप लगाउनेहरूको नेतृत्व गर्नुपर्छ । कक्षालाई भन्नुहोस् कि जो कोहिले पनि आरोप लगाउन सक्छ, तर आरोपीले आफ्नो बचाउमा जवाफ दिन पाउँदैन । सम्भावित आरोपहरू: "उसले बजारमा खानेकुरा चोरेको थियो" वा "उसले विद्यालयमा साथीलाई कुटेर अप्ठेरोमा परेको थियो, र मलाई लाग्छ हामीले उसको बुवा आमालाई भनिदिनुपर्छ" (अलिक रचनात्मक हुनुहोस्, र अन्य बालबालिकाहरूलाई पनि प्रत्येक आरोपमा सामेल हुन लगाउनुहोस्) जस्तै "हो, मैले उसलाई यो गरिरहेको देखेको थिएँ !" वा "ती सबै त केहि होइनन्, मलाई उसले त्यो भन्दा नराम्रो काम गरेको पनि थाहा छ !" आरोपीलाई २-३ आरोपहरू लगाईए पछि, अब अर्कोलाई आरोपीत बन्न लगाउनुहोस् । अरू बालबालिकाहरूलाई पनि पालो दिनुहोस् । यदि स्वयंमसेवकहरूको कमी र बालबालिकाहरूको पालो सकिएको खण्डमा भने, तपाईं (शिक्षक) आफै नै आरोपीत भएर केहि आरोपहरू लगाउन दिनुहोस् । आफुले नगरेको कामको आरोप लाग्दा त्यस कुरामा आफुलाई बचाउ नगरी बस्नु कति कठिन हुन्छ भन्ने कुरालाई जोड दिनुहोस् ।

भन्नुहोस्: "हामी यहाँ केवल सानो एउटा खेल खेल्दै थियौं, कुनै दण्डबिनाको ।" यो कुरा वास्तविक भएको भए कति गाह्रो हने थियो होला ? यदि तपाईंलाई आरोप लगाईएको थियो र तपाईंको शिक्षकले उक्त आरोपमा विश्वास गरेर तपाईंलाई नराम्ररी पिट्नु हुन्छ भन्ने थाहा भएको भए के हुन्थ्यो होला ? वा तपाईंलाई अदालतमा मुद्दा चलाईयो र सजाय मृत्यु भयो भने के होला ? त्यो एउटा फरक नै कथा हुने थियो !

### शिक्षक साहयता

**बाइबल कण्ठ गर्ने क्रियाकलाप : रिले दौड**

बालबालिकाहरूको दुई समूह बनाउनुहोस् । कण्ठ गर्नुपर्ने पदलाई ठुला-ठूला अक्षरहरूमा लेखेर समूह भन्दा करिब ३० फुट टाढा राख्नुहोस् । त्यसपछि बालबालिकाहरूलाई कण्ठ गर्नुपर्ने पद सम्म पालैपालो दौडन लगाउनुहोस् र त्यहाँ पुगिसके पछी पदको एकपछि अर्को शब्द ठुलो आवाजमा पढ्न लगाउनुहोस् ताकि त्यहाँ भएका सबैजनाले त्यो सुन्न सकुन् । जब प्रत्येक बालबालिकाहरूले आफ्नो एउटा शब्द पढिसक्छ तब फर्केर समूहमा जानुपर्छ र लाईनमा बसेको अर्को बालबालिकालाई छुनुपर्छ र यस प्रक्रियालाई पदमा भएको सबै शब्दहरू पढेर नसकिए सम्म दोहोराईराख्नुहोस् ।

जब सम्म सबैलाई पद कण्ठ हुदैन तब सम्म यसलाई दोहोराईराख्नुहोस् ।

**बाइबलीय क्रियाकलाप**

कागजको एउटा क्रुस बनाउनुहोस् । बाइबलको कण्ठ गर्ने पद सिक्नुहोस् । अब विद्यार्थीहरूलाई कुर्सीमा गोलाकार भएर बस्न लगाउनुहोस् । सबैले आफ्नो आँखा बन्द गर्नुपर्ने हुन्छ । क्रुसलाई कुर्सीमुनि राख्नुहोस् । अब जसको मुनि क्रुस छ उसले पद भन्ने मौका पाउनेछ । अब उसले पद भन्न सक्यो भने उसले अर्को व्यक्तिको कुर्सीमुनि क्रुस राख्ने मौका पाउँछ । सबैले पालो नपाएसम्म यो प्रक्रिया दोहोऱ्याउनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई भागमा विभाजन गर्नुहोस् । न्यायधीशहरूको अघि येशूको उपस्थितीको बारेमा जति सक्दो धेरै कुराहरू लेख्नको लागि समूहहरूलाई एक मिनेटको समय दिनुहोस् । यहाँ केहि कुराहरू छन्:

- येशूको पक्राउपछि सबै चेलाहरू भागेका थिए । पत्रुसले अलि टाढैबाट पछ्याए तर उसलाई येशूसँगको मित्रताको विषयमा कसैले सोधेको बेलामा उसले त्यस कुरालाई ठाडै इन्कार गरेका थिए ।
- येशू पहिले यहूदी पुजारी अन्नास र कैफासकहाँ उपस्थित हुनुभयो ।
- त्यसपछि, येशू रोमी बडा हाकिम पिलातसकहाँ उपस्थित हुनुभयो ।
- रोमी सिपाहीहरू, रोमी बडा हाकिमहरू, यहूदी नेताहरू र यहूदी मानिसहरू सबैले येशूको गिल्ला गरे ।
- पिलातसले आफु निर्दोष भएको घोषणा गरे, तर उनलाई येशूले केहि गलत गरेका छैनन् भन्ने कुरा थाहा हुँदा हुँदै पनि मृत्युदण्डको घोषणा गर्नु परेको थियो ।

**पाठको समीक्षा गर्ने क्रियाकलाप: एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।

## ५) पाठ लागु गर्नुहोस्

के तपाइँलाई दोषी बारब्बास चाहिँ छुटेको र निर्दोष येशूलाई चाँही दोषी बनाई मृत्युदण्ड दिइएको कुरा न्यायसँगत लाग्छ ? लाग्दैन, त्यो न्यायसँगत देखिँदैन । न्याय चाँडै क्रुसमा हुनेछ । यी अदालतहरूमा न्याय भइरहेको जस्तो देखिँदैन । न्याय चाँडै हुने एउटा तरिका भन्नुहोस् ।

**पाठ लागू गर्ने क्रियाकलाप: न्याय**

न्याय तब भयो जब येशू क्रुसमा मर्नुभयो र पापहरू क्षमा गर्नुभयो; १ यूहन्ना १:९ ।

**कथाको मूख्य सार: येशू निर्दोष हुनुहुन्थ्यो तर भीडले उसलाई क्रुसमा टाँग्नुहोस् !" भनेर चिच्याएको थियो ।**

# रोचक घटना नं ७३

# लुका २३:२६-३८; १ कोरिन्थी ५:७

**कथाको मूख्य सारः येशू हाम्रो पापको लागि क्रुसमा मर्नुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- अपराधीलाई क्रुसमा टाँगेर मृत्युदण्ड दिने एउटा सामान्य तरिका थियो । तथापि, यो एउटा क्रुर र ढिलो गरिने प्रक्रिया थियो । रोमी नागरिकलाई क्रुसमा टाँगिदैन थियो । एकदम खराब अपराधीहरूलाई मात्र क्रुसमा टाँगिन्थ्यो ।
- येशूले क्रुस बोक्न नसक्दा कुरेनी निवासी एकजना शिमोन नाम गरेका व्यक्तिलाई क्रुस बोक्न लगाइएको थियो ।
- छैटौं घण्टा, बाह्र बजे देखि, तीन बजेसम्म.., पृथ्वीमा अन्धकार छायो ।
- मन्दिरको पर्दा बीचमा माथि देखि तल सम्म च्यातियो । यो चाहिँ अब साधारण मानिस पनि परमेश्वरको उमपस्थितीमा आउन सक्छ भन्ने कुराको संकेत थियो ।
- लुकाले यो कुराको पुष्टि गर्दछन् कि येशूले आफ्नो जीवन दिनुभएको हो, उहाँको जीवन लिइएको होइन । बारम्बार, लूकाले येशूको निर्दोषपनको पुष्टि गरेका छन् । बडा हाकिमले क्रुसमा भएका येशू निर्दोष रहेछन् भनि घोषणा गरे ।
- एक जना रोमी सैनिकले पनि येशूलाई एक धर्मी मानिस भनेका छन र यस कुराले यो देखाउँछ कि येशूमाथि लगाइएका आरोपहरूका लागि येशू दोषी हुनुहुन्नथ्यो । त्यस रोमी सैनिकले परमेश्वरको प्रशंसा गऱ्यो ।
- लुकाले येशूको मृत्यु भएको देखेर धेरै मानिसहरूले विलाप गरेको कुरालाई पनि ।
- कुनै पनि सुसमाचार लेखकले येशूको विरोध गर्ने कुनै पनि महिलाको उल्लेख गरेका छैनन् ।
- येशूलाई गलगथामा क्रुसमा टाँगियो, सम्भवतः यो यरूशलेम बाहिर भएको मूख्य सडकको छेउको डाँडा हो ।
- रोमी कवि किकेरोले लेखेका छन, "क्रुसमा टाँगिनु सबैभन्दा क्रुर र यातनाले भरिएको दण्ड हो ।"

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।


©प्रतिलिपी अधिकार २०१७ जिम कुक

## २) पाठ शुरू गर्नुहोस्

समीक्षाको खेलको लागि एउटा यस्तो बोर्ड अर्थात् तालिका बनाउनुहोस्, जुन यस प्रकारको देखिन्छ:

| समयरेखा | कथाको सार | गीतहरू | कण्ठ पार्ने पद |
|---|---|---|---|
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |
| १०० अंक | २०० अंक | ३०० अंक | ४०० अंक |

अहिलेसम्म अध्ययन गरिसकेका अगाडीका १० वटा पाठहरूको समीक्षा गर्नुहोस् र बालबालिकाहरूललाई समय पालना गरे वापत्त (१०० अङ्क), पाठको कथाको मूख्य सारको लागि (२०० अङ्क), प्रत्येक पाठको भजनहरूको लगि (३०० अङ्क) अनि प्रत्येक पाठको कण्ठ गर्नुपर्ने पदहरूको लागि (४०० अङ्क) दिनुहोस् ।

जित्ने समूहलाई पुरस्कारको व्यवस्था पनि गर्नसक्नुहुन्छ । प्राय: प्रतियोगिताहरू बालबालिकाहरूको निम्ति एउटा रमाइलो खेल समान हुन्छ । यसैले उनीहरू सबैलाई सहभागी गराउनुहोस् । तपाईंको कक्षाको संख्याको आधारमा तपाईंले प्रत्येक विद्यार्थीलाई एउटा वा दुईवटा प्रश्नको उत्तर मात्र दिन लगाउन सक्नुहुन्छ । यसो गर्नुको कारण के हो भने यदि तपाईंले मौका दिनुभएको खण्डमा कोहि विद्यार्थीले सबै प्रश्नका उत्तरहरू आफूले मात्र दिन सक्छन् ।

त्यहाँ जम्मा १०००० अंक हुनेछ (१०० समय रेखाको, २०० कथाको सारको, ३०० गीतको र ४०० कण्ठ पार्ने पदको) ।

**पाठ शुरू गर्ने क्रियाकलाप: बाइबल जोखिम**

कक्षालाई बराबर गरी दुई भागमा विभाजन गर्नुहोस् । समूहहरू यस प्रकार विभाजन गर्न सकिन्छ:

१) जससँग सबैभन्दा धेरै भाईबहिनीहरू छन् ।

२) जससँग थोरै भाईबहिनीहरू छन् ।

यो समीक्षा खेल पाठको अन्तसम्म निरन्तर खेलिनेछ ।

## ३) पाठ सिकाउनुहोस्

मनिसहरूले विभिन्न कारणका लागि क्रुसको उपयोग गर्ने गरेको पाईन्छ । कुनै मानिसहरूले गहनाको रूपमा प्रयोग गर्छन् । कोहि मानिस धार्मिक कारणहरूको लागि क्रुसको प्रयोग गर्छन् । अन्य मानिसहरू दुर्घटनाबाट सुरक्षाको लागि क्रुसको प्रयोग गर्छन् ।

तपाईंको लागि क्रिष्टियन क्रुसको अर्थ के हो ?

तपाईंका साथीहरूको लागि क्रिष्टियन क्रुसको अर्थ के हो ?

## कथा भन्नुहोस्

बिहिवार राती र शुक्रवार बिहान, पिलातसलाई केहि गर्नको लागि दबाव बढिरहेको थियो; कि त येशूलाई छोड्ने जसले यहूदीहरूलाई झन् भड्काउने सम्भावना थियो कि चाहीँ भीडले माग गरे अनुसार येशूलाई क्रुसमा टाँग्ने । उनले पछिल्लो कुराको छनोट गरे ।

त्यसरी, पिलातसले गरेको त्यस न्यायद्वारा येशू यरूशलेम भन्दा बाहिर एउटा ठाउँमा लगिनुभयो जसलाई खोपडीको पर्वत वा गलगथा भनिन्छ । उहाँले आफ्नो क्रुस आफैले बोक्नु परेको थियो जसको तौल १०० पाउण्डको थियो । उहाँलाई शरीरमा जतातत‌ै पिटिएको थियो र धारिलो सिसा, हड्डीका साना टुक्राहरू र धातुले बनेको कोर्रा लगाइएको थियो । उहाँको स्वरूप पूर्णरूपले बिग्रिएको थियो कि उहाँलाई कसैले पनि पहिचान गर्न सक्ने अवस्था थिएन । उहाँलाई निवस्त्र पारिएको थियो । पिलातसको ठाउँदेखि गलगथासम्म हिँड्दा, येशूको गिल्ला गरियो, बेइज्जत गरियो र मजाक गरियो ।

जब उनीहरू गलगथामा आइपुगे, येशूलाई क्रुसमा टाँगियो । यस बेला शुक्रवार बिहानको नौ बजेको थियो । एकजना रोमी कविले भनेका छन् कि क्रुसको दृष्य "सबैभन्दा क्रुर र दर्दनाक" थियो । येशू क्रुसमा हुनुहुँदा, रोमी सिपाहीहरूले उहाँको वस्त्र आपसमा बाँडे र त्यसको लागि चिट्ठा हालेका थिए । उनीहरूले येशूलाई सिर्काको प्रस्ताव गरे तर उहाँले त्यसलाई इन्कार गर्नु भयो ।

सामान्यतया, क्रुसको मृत्यु सुस्त प्रकारको हुन्थ्यो र लामो समय लिने हुन्थ्यो । कहिलेकाँही क्रुसमा झुन्ड्याईएको व्यक्ति मर्नको लागि पूरै दिन नै लाग्दथ्यो । कोहिले येशूलाई भने, "आफैलाई बचाउ" कसै-कसैले उहाँको हाँसो उडाए र भने, *"उसले मन्दिर भत्काएर तीन दिन भित्र बनाउछु भनेको थियो र अहिले ऊ आफैलाई बचाउन पनि सक्दैन ।"* अरूले उहाँलाई गिल्ला गरे र ठट्टा गरे । बाह्र बजे देखि दिउँसो ३ बजेसम्म, पृथ्वी पूरै अँध्यारो भयो । त्यसपछि दिउँसो ३ बजे येशू ठूलो स्वरले कराउनुभयो, *"हे परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?"* त्यसपछि, उहाँले आफ्नो अन्तिम सास फेर्नुभयो । त्यो क्षणमा, ठूलो भुकम्प गयो । त्यो मात्र होइन, तर मन्दिरको पर्दा पनि सोहि समयमा माथिदेखि तलसम्म च्यातिएको थियो । येशूलाई पहरा दिईरहेका एकजना सिपाहीले यसरी भनेका थिए कि *"उहाँ परमेश्वरको पुत्र हुनुपर्छ ।"*

पछि दिउँसोको समयमा, यूसुफ नाम गरेका एकजना मानिस पिलातसकहाँ गए र उसले येशूको लास लगेर चिहानमा राख्छु भनेर मागेका थिए । पिलातसले यूसुफको अनुरोधलाई स्वीकार गरेर अनुमति दिए र यूसुफले येशूको शरीरलाई सफा लुगाले बेरेर लासलाई चिहानमा लगेर राखेका थिए । यो एकदम नयाँ चिहान थियो र तिनीहरूले येशूको शरीर अर्थात् लास सुरक्षित होस् भनेर चिहानको अगाडि मुखमा ठूलो चट्टान गुडाएर राखेका थिए ।

यो यशैयाले ७०० वर्ष अगाडि नै ख्रीष्टको मृत्युको बारेमा लेखेको जस्तै नै भयो जहाँ उनले यसरी लेखेका छन् *"निश्चय नै उसले हाम्रै दुःखहरू उठाएको छ, हाम्रो शोक सहनुपरेको छ र हाम्रो पीडा सहनुपरेको छ: तरै पनि हामीले उसलाई परमेश्वरद्वारा हिर्काइएको, पिटिएको र कष्टमा पारिएको ठान्यौं । तर ऊ ता हाम्रै अपराधहरूका लागि घायल भएको थियो; उसलाई हाम्रै अधर्महरूका निम्ति चोटैचोट परेको थियो; हाम्रै शन्तिका निम्ति ताडना उसमाथि पऱ्यो, र उसका कोर्राको चोटहरूद्वारा हामी निको भयौं ।"*

**कथा भन्ने क्रियाकलापः क्रुसमा मानिसहरू**

शिक्षकले कक्षामा कुनै पनि स्वयम्सेवकहरूको अन्तर्वाता लिन सक्नुहुन्छ, जोहरूले यस खोपडीको पर्वत वा गलगथामा हुनु पर्दा कस्तो महसुस गरेका थिए भनि वर्णन गर्नुपर्नेछः

- मरियम, येशूको आमा
- चेलाहरू
- रोमी सिपाही
- भीडमा गिल्ला गर्नेहरू
- सिमोन, (जसले क्रुस बोकेका थिए)
- यूसुफ (जसले पिलातसलाई येशूको शरीर मागे)

## कण्ठ गर्नुपर्ने पद

**१ पत्रुस ३:१८ (टि.बी.एस)** - किनकि हामीलाई परमेश्वरकहाँ पुऱ्याउने उद्देश्यले ख्रीष्टले पनि, यी धर्मी जनले पापहरूको सम्बन्धमा अधर्मीहरूका निम्ति एकपल्ट दु:ख भोग्नुभयो, र शरीरमा उहाँ मारिनुभयो, तर आत्माद्वारा उहाँ जीवित पारिनुभयो ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

**"देखाउनु र जान्नु ।"** बालबालिकाहरूलाई "देखाउनको" लागि सकेसम्म धेरै वस्तुहरू ल्याउनुहोस्, ताकि तिनीहरूले "जान्न" सकुन् कि येशूको क्रुसमा मृत्यु भएको दिन के भएको थियो । उदाहरणको लागि - ६ इन्चसम्म लामो किल्लाहरू, काँडाको झारबाट बनेको मुकुट, फोहोर कपडा, एक छालाको कोर्रा नभेटिएमा एउटा आफैले बनाउन सक्नुहुन्छ, एउटा छडी जुन एउटा अपराधीलाई कुट्नको लागि प्रयोग गर्न सकिन्छ ।

वैकल्पिक क्रियाकलाप : एउटा कगजको पन्नामा "सजायको प्रतिस्थापन" भएको देखाउने एउटा तालिका बनाउनुहोस् । कक्षामा भएका सबैले यसमा हस्ताक्षर घरेर घर लैजानु पर्नेछ । अनि यो हप्ता भरी परिवारमा जसले जुनै पनि गल्ती गरेता पनि त्यसको सजाय उसलाई पर्नेछ भनी घरमा आफ्नो आमा बुवालाई वर्णन गर्नुपर्नेछ र यदि यो कुरा उहाँहरूलाई स्वीकार्य छ भने यो लागु गर्नुपर्ने हुन्छ । उदाहरणको लागि, यदि कुनै एकजनाले पहिलो हप्ताको लागि प्रतिबद्धता गऱ्यो भने, उसको भाईले घरमा खेलौना बाहिर पानीमा फालेको, टिभी फुटाएको, हप्ताभरी आफ्नो भाईले गरेको गल्तीको सट्टामा आफुले केहि गल्ती नगरेको भएता पनि त्यसको सजाय भोग्नुपर्छ । प्रत्येक बालबालिकाहरूको लागि यो तालिका बनाउनुहोस्, र परिवारमा प्रत्येक सदस्यहरूको "पापको, अर्थात् गल्तीको सट्टामा" सजाय भोगेको देखाउनको लागि यसमा पर्याप्त ठाउँ राख्नुहोस् । यस प्रक्रियाको गलत उपयोगको बारेमा पनि कुरा गर्नुहोस्, तर येशू कहिल्यै पनि आफ्नै अधिकारको बारेमा चिन्तित हुनुभएन, उहाँ सधैं हामीलाई परमेश्वरको नजरमा धर्मी तुल्याउनुमा नै चिन्तित हुनुहुन्थ्यो । एक दिन हामी उहाँसँग स्वर्गमा भएको उहाँ चाहानुहुन्थ्यो । तपाईंका विद्यार्थीहरूलाई यस अभ्यासको पहिलो हप्ताको लागि आफै प्रतिबद्ध हुनको लागि प्रोत्साहित गर्नुहोस् । तिनीहरूका परिवारका सदस्यहरूले पनि उनीहरूबाट यो गर्नुपर्ने रहेछ भनी सिक्नुपर्दछ ।

**कण्ठ गर्ने पद**
**क्रियाकलाप: टेलिफोनको खेल**

टेलिफोन खेलको प्रयोग गरेर यो पद कण्ठ गर्नुहोस् । तपाईंको कक्षालाई सिधा लाईनमा उभिन लगाउनुहोस् । अनि लाइनमा उभिएको पहिलो व्यक्तिलाई त्यो पदको पहिलो वाक्यांश सुस्तरी कानमा भन्नुहोस्, त्यो वाक्यांश अर्को व्यक्तिलाई त्यसरी नै कानमा भन्न लगाउनुहोस् । सबैले त्यो पहिलो वाक्यांश भनि नसकुन्जेल त्यसो गरि नै रहनुहोस् । यसरी नै दोस्रो वाक्यांश, तेस्रो वाक्यांश गर्दै तिनीहरूले उक्त पद कण्ठ नगरून्जेल सम्म यो क्रियाकलाप दोहोऱ्याई राख्नुहोस् ।

**बाइबल**
**क्रियाकलाप: सजायको प्रतिस्थापन**

हप्ता १- ..................

हप्ता २- ..................

हप्ता ३- ..................

हप्ता ४- ..................

हप्ता ५- ..................

हप्ता ६- ..................

## ४) पाठको समीक्षा गर्नुहोस्

अंकहरू दिने समीक्षा खेललाई निरन्तरता दिनुहोस् जुन पाठको शुरूवातमा नै शुरू गर्नुभएको थियो ।

- १०० अंकको लागि, येशूको क्रुस कसले बोकेका थिए ? (कुरेनी निवासी सिमोन)
- २०० अंकको लागि, येशूलाई क्रुसमा कुन समयमा टाँगिएको थियो ? (शुक्रवार विहान ९ बजे)
- ३०० अंकको लागि, येशूसँग कति जना अपराधीहरूलाई क्रुसमा टाँगिएको थियो ? (दुई)
- ४०० अंकको लागि, येशूको मृत्युपछि कसले पिलातससँग उहाँको शरीर मागेर लगेको थियो ? (यूसुफ)
- ५०० अंकको बोनस प्रश्नः यस पाठको सार के हो ? (येशू हाम्रो पापको लागि क्रुसमा मर्नुभयो ।

**पाठको समीक्षा गर्ने क्रियाकलापः बाइबल जोखीम**

यो समीक्षा क्रियाकलाप पाठको शुरूमा भएको समीक्षा खेलको निरन्तरता हो ।

## ५) पाठ लागु गर्नुहोस्

येशू खीष्टले हाम्रा पापहरू क्रुसमा उहाँको शरीरमा बोक्नुभयो । सबैको लागि उहाँले अपमान र यातना सहनुभयो । पुरानो नियमका भविष्यवाणीहरू (यशैया ५२, ५३, र भजनसंग्रह २२) सबै स्पष्ट रूपमा येशू खीष्टको शरीरमा वास्तविक मृत्यु हुनु भन्दा सयौं वर्ष अघि लेखिएका थिए ।

अर्को हप्ता हामी उहाँको मृत्युको महत्वको बारेमा कुरा गर्नेछौं । तर, घर जानुहोस्, यसबारेमा सोच्नुहोस्, र अर्को हप्ता फेरि आउनुहोस् । क्रुसमा येशू खीष्टको मृत्युको महत्व के हो ? तपाईंको गृहकार्य, के तपाईंले यसलाई स्वीकार गर्नुहुन्छः

**कथाको मूख्य सारः येशू हाम्रो पापको लागि क्रुसमा मर्नुभयो ।**

# रोचक घटना नं ७४

शिक्षक साहायता

## लुका २३:३९-४७

**कथाको मूख्य सारः येशूले एक जना दोषी मानिसलाई क्षमा गर्नुभयो ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- लुकाको सुसमाचारमा अन्य सुसमाचारका पुस्तकहरूमा भन्दा "पापी" भन्ने शब्द धेरै पटक उल्लेख गरिएको पाईन्छ । यो मत्तीले पाँच पटक, मर्कूसले पनि पाँच पटक, यूहन्नाले चार पटक प्रयोग गरेका छन्, तर लुकाले "पापी" शब्दको प्रयोग सोह्र पटकसम्म गरेका छन् । क्रुसमा, त्यहाँ एक जना पापी थिए जो क्षमादान चाहान्थे ।
- दुईजना पापीहरू पनि क्रुसमा टाँगिएका थिए र उनीहरूको बीचमा येशू हुनुहुन्थ्यो । पापीहरू मध्ये एउटाले येशूको अपमान गऱ्यो र येशूलाई दोष लगायो ।
- अर्को पापीले येशू परमेश्वर हुनुहुन्थ्यो भनि पहिचान अर्थात् स्वीकार गऱ्यो, लुका २३:४० । त्यस पापी, चोरले एउटा ठूलो प्रायश्चित गऱ्यो । र यहाँ, क्रुसमा, येशूले प्रकट गर्नुभएको मुक्ति त्यस मानिस असल भएको कारणले थिएन । निश्चय नै, त्यो पापी मानिस असल थिएन ।
- येशूले यो पनि देखाउनुभयो कि मुक्ति पाउने कुरालाई असल कार्यहरू गर्नुले केहि फरक पादैन । त्यस पापी मानिससँग निश्चय पनि असल कार्य गर्ने र परमेश्वरको अनुग्रह कमाउने समय थिएन ।
- येशूले तुरून्तै त्यस चोरलाई जवाफ दिनुभयो । त्यस दिन, त्यस चोर येशूसँग महिमामा सहभागी हुनेछ । क्षमादान पूरा र पूर्ण थियो । यो कुनै कामद्वारा अर्थात् चिजहरूद्वारा कमाइएको थिएन ।
- यो हुनेछ भनि येशूले निश्चयता दिनुभयो । यो केवल एउटा मर्दै गरेको व्यक्तिप्रति येशूको दयालु प्रतिक्रिया मात्र थिएन । तर परमेश्वरले येशूमा विश्वास गरेर क्षमा माग्दा यहाँ भएको चोरलाई जस्तै, जसलाई पनि, क्षमा गर्न सक्नुहुन्छ भन्ने कुराको निश्चयता थियो ।
- लुकाले उल्लेख गरेको क्रुसको मृत्युको चित्रण भजनसंग्रह र यशैयामा गरिएका कुराहरूबाट छन् । पाँचवटा त्यस्ता संकेतहरू उल्लेख गरिएका छन् (लुका २३:३४सँग यशैया ५३:१२, लुका २३:३५सँग भजनसंग्रह २२:६-७, लुका २३:३६सँग भजनसंग्रह ६९:२१-२२, लुका २३:४६सँग भजनसंग्रह ३१:५, र लुका २३:४६सँग भजनसंग्रह २२:१) ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

शिक्षकले बाइबलको महान् कथाका रोचक घटनाहरूमा प्रयोग गरिएका सबै भजनहरू संकलन गर्नु पर्दछ र ती मध्ये केहि गाउनु वा बजाउनु पर्छ ।

कक्षाले यस पाठ्यक्रममा अगाडि सिकेका भजनहरू शिक्षकसँग मिलेर गाउन सक्नुपर्छ ।

शिक्षक र विद्यार्थीहरू मिलेर केहि भजनहरू गाइसकेपछि "गीतलाई नाम दिनुहोस्" भन्ने खेल खेल्नुहोस् । "गीतलाई नाम दिनुहोस्" भन्ने खेल यस्तो खेल हो जसमा विद्यार्थीहरूले भजनलाई मिल्दो बाइबलका घटनाहरू अर्थात् पाठसँग मिलाउने प्रयास गर्नुपर्छ । विद्यार्थीले उत्तर दिने क्रममा शिक्षक उनीहरूप्रती अनुग्रही भएर उत्साह दिनु पर्दछ ।

यस क्रियाकलापको उद्देश्य भनेको बालबालिकाहरूले सिकेका भजनहरू बाइबलका घटनाहरूसँग मिलाउनु हो । शिक्षक यस मूख्य उद्देश्यमा केन्द्रित हुनुपर्दछ ।

## ३) पाठ सिकाउनुहोस्

के त्यो यति सजिलो हुन सक्छ ?

मानौं तपाईं पहिलो पटक बाइबल पढ्दै हुनुहुन्छ र तपाईं एकदम दुष्ट मानिसको बारेमा पढ्नुहुन्छ जसले कहिल्यै असल कार्य गरेको छैन, यद्यपि परमेश्वरले त्यस मानिसलाई परमेश्वरको अद्भुत स्वर्गमा प्रवेश गराउने प्रतिज्ञा गर्नुभयो किनकि त्यस मानिसले मात्र विश्वासको छोटो र सरल अभिव्यक्ति दिएको थियो ।

तपाईं के सोच्नुहुन्छ ?

**समीक्षा**
**क्रियाकलापः गीतलाई नाम दिनुहोस्**

शिक्षकले पहिलेका रोचक घटनाहरूमा सिकेका भजनहरू बजाउनु वा गाउनुपर्छ।बालबालिकाहरूले ती भजनहरू बाइबलको महान् कथा भित्रको कुन रोचक घटनासँग (पाठसँग) मिल्छ भनेर अनुमान लगाउनुपर्छ ।

यदि समय पुग्छ भने, कुनै भजनमा भएको शब्द वा वाक्यांश नबुझेको छन् कि भनेर पनि सोध्न सक्नु हुनेछ ।

त्यस ठाउँ खोपडीको डाँडा अर्थात् गलगथा थियो । जुन शुक्रवारको मध्यदिन पछाडिको समय थियो । जहाँ तीन व्यक्तिहरूलाई क्रुसमा टाँग्ने एउटा दर्दनाक अति नै दुखद् घटनाले ठाउँ लिएको थियो, दुईजना अपराधी र कोहि यस्तो एकजना व्यक्ति जसले कुनै गल्ती गरेका थिएनन् । त्यो कोहि एकजना व्यक्ति येशू खीष्ट हुनुहुन्थ्यो र उहाँको क्रुस बीचमा राखिएको थियो । उहाँको दुवैतर्फ एक एकजना अपराधीहरूलाई राखिएको थियो । तीनैजनालाई कष्टदायी पीडा भईरहेको थियो । यस्तै हुन्छ जब कोहि व्यक्ति क्रुसमा मर्दछ...पिडा जुन असहनीय हुन्छ । रोमीहरूले यसप्रकारको मृत्युदण्डको प्रयोग अपराधीहरूलाई एकदमै अपमानित गर्नको लागि गरेका थिए ।

जब येशू र ती दुई अपराधीहरू क्रुसमा असहनीय पीडामा झुण्डिरहनुभएको थियो, ती दुई अपराधीहरूले वार्तालाप शुरू गर्नथाले जुन शायद उनीहरूको त्यो नै अन्तिम कुराकानी थियो । उनीहरूले मसीहको बारेमा कुरा गरे जो उनीहरूको बीचमा हुनुहुन्थ्यो । ती मध्ये एकजना अपराधीले येशूलाई भन्यो, *"यदि तपाईं साँच्चै मसीह हुनुहुन्छ भने क्रुसबाट तल ओर्लनुहोस् । आफैलाई बचाउनुहोस् र हामीलाई पनि बचाउनुहोस् !"* अर्को अपराधीले उसलाई चुप लाग्न भन्यो । उसले अर्को अपराधीलाई वर्णन गऱ्यो कि उनीहरूले जे भोगीरहेका छन् त्यसको लागि त उनीहरू भागीदार नै थिए, मृत्युदण्ड । तर येशूले त कुनै गलत काम गर्नुभएको थिएन ।

त्यसपछि, जुन अपराधीले येशूको पक्षमा बोलेको थियो ऊ येशूतर्फ फर्कियो र भन्यो, *"जब तपाईं आफ्नो राज्यमा प्रवेश गर्नुहुन्छ तब मलाई पनि याद गर्नुहोस् ।"* येशूले त्यसलाई सामान्य तरिकामा जवाफ दिनुभयो, *"आज, तिमी मेरो साथ स्वर्गमा हुनेछौ ।"* त्यो के यति सजिलो थियो...पश्चाताप गर्ने अपराधीद्वारा "विश्वास" को एउटा वयान दिनु र उसलाई स्वर्गमा ठाउँ दिइने येशूले प्रतिबद्धता गर्नु । उसले यो पाउन योग्यको हुनको लागि केहि गरेको थिएन र भविष्यमा उसले केहि गर्न सक्ने अवस्था पनि थिएन । यद्यपि, येशूले उसको पश्चातापी हृदय देख्नुभयो र उहाँले उसको विश्वासको कुरा सुन्नुभयो ।

एउटा दुष्ट मानिसद्वारा मात्र केहि सरल शब्दहरू । धार्मिकताको कुनै कार्य, धार्मिक जिम्मेवारीको कुनै अहोदा, र आफ्नै कुनै योग्यताले यस अपराधीले आफ्नो लागि अनन्त आनन्दको स्थान कमाएको थिएन ।

साधारण विश्वास...यो नै सबैकुरा थियो । यो मोशाको दिनहरूमा भएको घटना जस्तै थियो जहाँ जब मोशाले एउटा काँसको सर्पलाई समाएर माथि उठाएका थिए र जसलाई विषालु सर्पले टोकेको थियो उनीहरूले यदि विश्वाससाथ मोशाले उठाएको त्यस काँसको सर्पलाई हेरेको खण्डमा उनीहरू निको हुन सक्थे ।

साधारण विश्वास...यो नै सबैकुरा थियो । यो अब्राहामको दिनहरूमा जस्तै थियो जहाँ जब अब्राहामले परमेश्वरमा विश्वास राखे र यो नै उनको लागि धार्मिकता ठहऱ्याईयो ।

साधारण विश्वास...यो नै सबैकुरा थियो । यो कयिन र हाबिलका दिनहरू जस्तै थिए जब हाबिलले विश्वासद्वारा उसको उत्तम भेटी ल्यायो र परमेश्वरले त्यो ग्रहण गर्नुभयो ।

साधारण विश्वास......एक जना अपराधीबाट पनि । येशू खीष्टले उसमा विश्वास र पापपूर्ण कार्यको पश्चात्ताप खोजीरहनु भएको थियो । त्यस एकजना अपराधीसँग ती दुवै कुराहरू थिए...स्वर्ग ।

**कथा भन्ने क्रियाकलापः समाचार पत्र पत्रकार**

शिक्षकले तीन जना विद्यार्थीहरूलाई अर्को हप्ता प्रकाशन हुने समाचार पत्रिकाको लागि आफ्नो लेख लेख्न लगाउनुहोस् । जसमा पत्रकारहरूले यी निम्न व्यक्तिहको अन्तर्वार्ता समावेश गरेको हुनुपर्छः

- येशूलाई
- दुई अपराधीहरूलाई

अर्को हप्ता, उनीहरूलाई पत्रिकाको लागि लेखेको लेख पढ्न लगाउनुहोस् र केवल तपाईंको कक्षाको लागि मात्र भए पनि ती लेखहरूलाई कसरी हुन्छ प्रकाशित गर्ने प्रयास गनुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**लुका २३:४२ (टि.बी.एस)** - अनि उसले येशूलाई भन्यो: "हे प्रभु, जब तपाईँ आफ्नो राज्यमा आउनुहुन्छ, तब मलाई सम्झिदिनुहोस् !"

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "प्रभु उचाल्छु तपाईंको नाउँ (कोरस नं. १४०)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

विभिन्न प्रकारका चाबीहरू ल्याउनुहोस्, (यदि सम्भव छ भने) र एउटा ताल्चा ल्याउनुहोस् जुन ती मध्ये एउटा चाबीले खुल्छ । भिन्दा भिन्दै देखिने चाबीहरू ल्याउनुहोस् । कक्षालाई चाबी देखाउनुहोस् र सोध्नुहोस्: **"कुन चीजहरू हुन् जसलाई मानिसहरूले कुनै दिन स्वर्ग जानको लागि प्रयोग गर्न सकिने चाबी हो भनि सोच्दछन् ?"** सम्भावित उत्तरहरू: राम्रो कामहरू गर्ने, बप्तिसमा लिने, चर्च जाने, असल व्यक्ति बन्ने, परोपकारी संस्थालाई पैसा दिने आदि । व्याख्या गर्नुहोस् कि जसरी ताल्चाको एउटै मात्र चाबी हुन्छ त्यसरी नै स्वर्गको चाबी पनि केवल एउटामात्र सत्य छ जुन परमेश्वरको वचन बाइबलमा पाइन्छ । कथाको पहिलो अंश, येशूले क्रुसमा चोरलाई स्वर्गको प्रतिज्ञा गर्नुभएको बारेमा भन्नुहोस् । कक्षाको शुरूमा दिइएको उत्तरहरूलाई हेर्नुहोस् । "के क्रुसमा भएको चोरले कुनै असल काम गरेको थियो (केहि असल कुराहरूको उल्लेख गर्नुहोस् जुन उनीहरूले बुझ्न सक्छन्, जस्तो कि अस्पतालमा विरामी भेट्न जाने, भोको मानिसलाई खुवाउने, मद्दत गर्ने आदि) । पहिलो चाबीलाई समाउनुहोस् र भन्नुहोस्: "यो स्वर्गको चाबी थिएन होला ।" के ऊ चर्च गएको थियो ? के उसले बप्तिसमा लिएको थियो ? थिएन । हरेक चोटी, अर्को एउटा चाबी लिनुहोस् र भन्नुहोस्: **"यो स्वर्गको चाबी थिएन होला ।"**

त्यसोभए, यी मध्ये कुनै पनि कुराहरू स्वर्गको चाबी थिएनन् भने, उसले के गरेको थियो ? पछाडि जानुहोस् र फेरी पढ्नुहोस् र बालबालिकाहरूलाई यो बुझ्न मद्दत गर्नुहोस् कि येशूमा उसले गरेको पश्चात्ताप र विश्वास हो जुन स्वर्गमा घर पाउने चाबी थियो । यदि तपाईंसँग एउटा ताल्चा छ जसमा एउटा चाबी मिल्छ भने यस समयमा त्यो ताल्चा देखाउनुहोस् र भन्नुहोस्: "यस चाबीले मात्र यो ताल्चा खोल्न सकिए जस्तै, पश्चात्ताप (तपाईंको पापको लागि साँच्चै नै दु:खी हुनु) र येशूमा विश्वास मात्र त्यो कुरा हो जसलाई परमेश्वरले स्वीकार्नुहुन्छ ।"

**पदक कण्ठ गर्ने क्रियाकलाप: शब्दचित्र लेखन**

बालबालिकाहरूलाई यो पद याद गर्न मद्दत पुऱ्याउनको लागि शब्दचित्र लेखनको प्रयोग गर्न सकिन्छ । यस पदको प्रत्येक शब्द छुट्टाछुट्टै कागजको पानामा लेख्नुहोस् । त्यसपछि शब्दहरू क्रमबद्ध रूपमा मिलाउनको लागि बालबालिकाहरूलाई २ वा ३ समूहमा विभाजन गर्नुहोस् । जब प्रत्येक समूहले पदका शब्दहरूलाई क्रमबद्ध रूपमा मिलाउँछन् सम्भवत: यो पद उनीहरूले कण्ठ गरिसकेका हुनेछन् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यस पाठलाई साना समूहहरूमा विभाजन भएर समीक्षा गर्नुहोस्। यस पाठबाट सिक्न सकिने सात मूख्य तथ्यहरू वा विचारहरू के के हुन् ? एकजना वयस्क व्यक्तिलाई बालबालिकाहरूको प्रत्येक समूहमा नेतृत्व गर्नको लागि समावेश गराउनुपर्छ । बालबालिकाहरूलाई धेरै जसो तथ्यहरू उनीहरू आफैलाई खोज्न दिनुहोस्। आवश्यक परेको खण्डमा मात्रै उनीहरूलाई सहयोग गर्नुहोस्।

- येशूसँग क्रुसमा टाँगिएका दुई चोरहरू मृत्यु दण्डको भागीदार थिए।
- येशूले कुनै पनि गलत कार्य गर्नुभएको थिएन र उहाँले यस मृत्युदण्डको सजाय पाउनु पर्ने थिएन।
- क्रुसको पीडा असहनीय थियो।
- दुई चोरहरू येशूको बारेमा छलफल गर्न थाले।
- एकजना अपराधीले येशूको गिल्ला गऱ्यो र भन्यो क्रुसबाट तल ओर्लनुहोस्।
- अर्को अपराधी विश्वाससाथ येशू तर्फ फर्कियो।
- येशूले पश्चातापी अपराधीलाई अनन्तको स्वर्गमा स्वागत गर्नुभयो।

**पाठ समीक्षा गर्ने क्रियाकलापः सात मूख्य तथ्यहरू**

कक्षालाई २ वा ३ जनाको समूहमा विभाजन गर्नुहोस्। यहाँ बायाँतर्फ सूचीबद्ध गरिएका पाठको मूख्य सात तथ्यहरू वा विचारहरू उनीहरू एक अर्कालाई बताउन लगाउनुहोस्। साना बालबालिकाहरू वा पढ्न नसक्नेहरूलाई शिक्षकले मद्दत गर्नुपर्छ।

## ५) पाठ लागु गर्नुहोस्

गत हप्ता, येशूको मृत्युको महत्व के थियो भनि निर्धारण गर्ने गृहकार्य थियो। शिक्षकले यो कुरा कक्षामा छलफल गर्नुपर्छ।

येशू खीष्टको मृत्युको महत्व यो हो: जो कोहि पनि उहाँमा विश्वासद्वारा आउँछन् भने उनीहरूलाई अनन्त आनन्दमा स्वागत गर्ने शक्ति र क्षमता उहाँसँग छ। उहाँ को हुनुहुन्छ र उहाँले के गर्नुभयो भन्ने कुरामा गरिने साधारण विश्वास, त्यो नै प्रयाप्त छ।

**कथाको मूख्य सारः येशूले एक जना दोषी मानिसलाई क्षमा गर्नुभयो।**